स.का.द.नं.७६०/१४/०५१/०५२ पान नं.: ३०३२९६६०७ फोन नं.: ०८३-४१२२५०, ४१२२४९

# जनकल्याण
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Janakalyan Saving & Credit Co-operative Ltd.

वीरेन्द्रनगर-१
बाङ्गेसिमल, सुर्खेत

पत्र संख्या : २०८१/०८२
चलानी नम्वर : १४१

मितिः २०८१/०७/०७

शेयर सदस्य श्री ........................................................ ज्यू
...............................................................................

विषयः **साधारणसभामा उपस्थित हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस संस्थाको सञ्चालक समितिको मिति २०८१ कार्तिक ४ गते बसेको बैठकको निर्णयानुसार संस्थाको विनियमको दफा २९ बमोजिम २९ औँ वार्षिक साधारणसभा तपसिलमा उल्लेखित प्रस्तावहरू माथि छलफल हुने गरी क्षेत्रगत रूपमा निम्न बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले यहाँको अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**तपसिलः**

| क्र.सं. | साधारणसभा हुने क्षेत्र | साधारणसभा हुने मिति | साधारणसभा स्थान |
|---|---|---|---|
| १ | बराहताल वडा नं. ९ र १० | २०८१ कार्तिक ६ गते | सिमलचौर |
| २ | वीरेन्द्रनगर साविक वडा नं. २ र अन्य क्षेत्र | २०८१ कार्तिक ७ गते | साविक वडा नं. २ चुकेआँप |
| ३ | वीरेन्द्रनगर वडा नं. १ र २ | २०८१ कार्तिक ८ गते | पब्लिक स्कुलको पश्चिम तर्फको प्राङ्गणमा |

**साधारण सभामा छलफलका लागि पेश हुने प्रस्तावहरू:**

१. सभाको गणपुरक संख्या सम्बन्धमा।
२. सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. सञ्चालक समितिको तर्फबाट आ.व. २०८०/०८१ को आर्थिक प्रतिवेदन र आ.व. २०८१/०८२ को प्रस्तावित बजेट सम्बन्धमा।
४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
५. आ.व. २०८०/०८१ को वार्षिक लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा।
६. विभिन्न उप-समितिहरूको प्रतिवेदन सम्बन्धमा।
७. आ.व. २०८१/०८२ को लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा।
८. संस्थाको आन्तरिक कार्यविधि, नीति निर्देशिका निर्माण, परीमार्जन तथा पुनर्लेखन सम्बन्धमा।
९. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि छनौट सम्बन्धमा।
१०. विशेष प्रस्तावहरु सम्बन्धमा।

..............................
**(महेन्द्रप्रसाद शर्मा)**
अध्यक्ष

**पुनश्चः** सम्पूर्ण शेयर सदस्य महानुभावहरूको गरिमामय उपस्थितिका लागि अनुरोध छ। ***उपस्थित शेयर सदस्यहरुलाई नियमानुसारको करकट्टी गरी रू. ६२०।- शेयर सदस्यको ऐच्छिक खाता मार्फत उपलब्ध गराइने छ ।***

# विषयसूची


| विषयवस्तु | पेज नं. |
| --- | --- |
| **१. संस्थाको परिचय** | १ |
| **२. वार्षिक प्रगति प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रम-२०८१** | ४ |
| **३. आर्थिक प्रतिवेदन-२०८१** | १३ |
| **४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन-२०८१** | २३ |
| **५. बाह्य लेखापरिक्षण प्रतिवेदन-२०८१** | २९ |
| **६. ऋण उप-समितिको वार्षिक प्रतिवेदन-२०८१** | ६४ |
| **७. शिक्षा उप-समितिको वार्षिक प्रतिवेदन-२०८१** | ६७ |
| **८. सामाजिक समन्वय उप-समितिको प्रतिवेदन** | ७० |
| **९. विगत ५ वर्षदेखि वृद्धिको अवस्था** | ७२ |
| **१०. सुत्केरी पोषण खर्च प्राप्त गर्ने शेयर सदस्यहरुको विवरण** | ७७ |
| **११. संस्थाको २९औं स्थापना दिवसको अवसरमा सम्मानित, पुरस्कृत सदस्य तथा व्यक्तिहरु** | ७७-८२ |
| *१. असल ऋणी विधामा सम्मानित शेयर सदस्यहरु (गोलाप्रथाबाट)* | |
| *२. सर्वाधिक विधा तर्फ सम्मानित शेयर सदस्यहरु* | |
| *३. ७० वर्ष माथिका सम्मानित ज्येष्ठ सदस्यहरु* | |
| *४. ७५ वर्ष माथिका सम्मानित ज्येष्ठ सदस्यहरु (सामाजिक सुरक्षा भत्ता स्वरुप)* | |
| *५. वक्तृत्वकला प्रतियोगितामा पुरस्कृत विद्यार्थीहरु* | |
| *६. नियमित मासिक बचत विधा तर्फ सम्मानित शेयर सदस्यहरु (गोलाप्रथाबाट)* | |
| *७. रु. ५०० माथि नियमित मासिक बचत विधा तर्फ सम्मानित शेयर सदस्यहरु (गोलाप्रथाबाट)* | |
| *८. ५० हजारभन्दा माथि शेयर खरिद गर्ने सम्मानित शेयर सदस्यहरु (गोलाप्रथाबाट)* | |

# संस्थाको संक्षिप्त परिचय

| | | | |
|---|---|---|---|
| (१) | संस्थाको नाम | : | **जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.** |
| (२) | दर्ता मिति | : | २०५२/०२/२८ |
| (३) | दर्ता नम्बर | : | ७६०/१४/०५१/०५२ |
| (४) | पाना नंम्बर | : | ३०३२९६६०७ |
| (५) | सदस्य संख्या | : | २६६९ |
| (६) | कार्य क्षेत्र | : | वीरेन्द्रनगर नगरपालिका वडा नं. १ देखि १४ र बराहताल गाउँपालिका वडा नं. ९ र १० |
| (७) | सञ्चालक समिति संख्या | : | १० जना |
| (८) | कर्मचारी संख्या | : | ७ जना |

(९) **लगानीका क्षेत्रहरु :**

क) कृषी

ख) ब्यापार

ग) शिक्षा

घ) वैदेशिक रोजगार

ङ) आवास निर्माण तथा जग्गा खरिद

(१०) **लगानीको प्राथमिकता**

क) कृषि

ख) ब्यापार

ग) निम्न आय स्तर भएका महिला, दलित परिवार

घ) अपाङ्ग, घाईते, उत्पिडित तथा शहिद परिवार

(११) **संस्थाको वित्तीय अवस्था**

| | |
|---|---|
| शेयर पूँजी | : रू. २,९८,४५,२००।०० |
| कुल संस्थागत पूँजी | : रू. १,८३,३३,३५८।५४ |
| कुल बचत संकलन | : रू. २३,९५,५०,८७०।१२ |
| ऋण लगानी | : रू. २०,८०,९२,०४३।४९ |
| स्थिर सम्पत्ति | : रू. ३२,८६,८३४।२२ |

(१२) **संस्थाको परिकल्पना :**

*समुदायको उत्कृष्ट वित्तीय र व्यवसायिक साकोस*

(१३) **संस्थाको ध्येय**

*"सहकारी मूल्य, मान्यता र सिद्धान्तका आधारमा वित्तीय सेवा मार्फत सदस्यरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनलाई गुणस्तरीय र समृद्ध बनाउने ।"*

(१४) **संस्थाका उद्देश्यहरु**

**क) दीर्घकालीन उद्देश्यहरू**

- सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनलाई गुणस्तरीय बनाउने,
- संस्थामा संलग्न सदस्यहरूबीच स्वाबलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिबृद्धि गर्दै बचत गर्ने बानीको विकास गर्ने,
- सदस्यहरूलाई सीप प्रदान गरी उत्पादनशील कार्यमा सहभागी गराउने,
- सदस्यहरूलाई स्वावलम्बी र आत्मनिर्भर बनाउने,
- सदस्यहरूका वित्तीय आवश्यकता परिपूर्ति गर्ने,
- सदस्यहरूको आय आर्जन क्षमतामा वृद्धि गर्ने,
- समाजमा सामाजिक एकता एवं पारस्पारिक सहयोग कायम गर्न सहयोग गर्ने,
- सदस्यहरूको आर्थिक सामाजिक तथा सांस्कृतिक विकास गर्ने,
- आफ्नो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहयोगात्मक भावना राख्ने,
- समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूहको आर्थिक, सामाजिक उत्थानमा सहयोग पुऱ्याउने,
- संस्थागत विकास तथा दिगो सहकारी निर्माणमा विशेष ध्यान पुऱ्याउने,

**ख) रणनीतिक उद्देश्यहरूः**

- वित्तीय रूपमा सक्षम, सुरक्षित, र स्वस्थ संस्था बनाउने ।
- सदस्यहरूलाई गुणस्तरीय सेवा प्रदान गर्ने ।
- संस्थालाई पूर्ण व्यवसायिक ढंगबाट सञ्चालन गर्ने ।
- संस्थाका सञ्चालक तथा कर्मचारीको ज्ञान तथा सिपमार्फत क्षमतावान बनाउने ।
- सदस्य सेवा, उत्पादन, सामुदायिक भावना र अन्य हरेक दृष्टिकोणबाट संस्थालाई उत्कृष्ट बनाउने।

(१५) **संस्थाको भौतिक अवस्था**

१. एकतले पक्कि घर (प्रबन्धक कक्ष, कर्जा फाँट, काउन्टर, लेखा फाँट, सञ्चालक समिति कक्ष) टिनले छाएको बैठक कक्ष र निर्माणाधीन एकतले पक्की भवन।

२. उपकरणहरुः कम्प्युटर– ४ सेट, ल्यापटप- ३ थान, प्रिन्टर तथा फोटोकपि मेसिन- ६ थान, सोलार सहितको पावर ब्याकअप, बिलिङ मेसिन १ थान र स्क्यानर मेसिन १ थान, सि.सि. क्यामरा ४ थान ।

३. अन्य टेबुल, कुर्ची, दराज तथा आवश्यक फर्निचरहरु ।

(१६) **संस्था आबद्धताः**

- जिल्ला बचत तथा ऋण सहकारी संघ, सुर्खेत
- जिल्ला सहकारी संघ, सुर्खेत
- प्रदेश बचत तथा ऋण सहकारी संघ, कर्णाली प्रदेश
- प्रदेश सहकारी संघ, कर्णाली प्रदेश
- नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ
- राष्ट्रिय सहकारी बैंक

(१७) **अन्तर्राष्ट्रिय सहकारी सिद्धान्तहरुः**

१. स्वैच्छिक तथा खुल्ला सदस्यता
२. सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण
३. सदस्यको आर्थिक सहभागिता
४. स्वायत्तता र स्वतन्त्रता
५. शिक्षा तालिम र सूचना
६. सहकारी संघ संस्थाहरुबिच पारस्परिक सहयोग
७. समुदाय तथा वातावरण प्रति चासो

## संस्थामा शेयर सदस्य बन्नका लागि चाहिने आवश्यकपर्ने कागजातहरु

१. संस्थाको सेवा क्षेत्रभित्र वसोवास गर्ने व्यक्ति भएको प्रमाण पेश गर्नुपर्ने
२. सदस्य बन्न चाहने व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी -१ थान
३. सम्वन्धित व्यक्तिको पासपोर्ट साइजको फोटो -२ थान
४. इच्छाएको व्यक्तिको पासपोर्ट साइजको फोटो -२ थान
५. संस्थाको विनियमअनुसार सदस्यता बन्न आवश्यक रकम

एउटै अभियानः एउटै आवाज, सुरक्षित साकोसः समुन्नत समाज

### २९औँ वार्षिक साधारण सभामा प्रस्तुत

# वार्षिक प्रगति प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रम-२०८१



महेन्द्र प्रसाद शर्मा

यस संस्थाको २९ औं वार्षिक साधारणसभाका प्रमूख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यूहरु, वर्तमान तथा निवर्तमान सल्लाहकार ज्यूहरु, विभिन्न सहकारी संघ संस्थाबाट हाम्रो निम्तोलाई स्वीकार गरी पाल्नुहुने अतिथि ज्यूहरु, वर्तमान तथा निवर्तमान सञ्चालक ज्यूहरु, वर्तमान तथा निवर्तमान लेखा सुपरिवेक्षण समितिका सदस्यज्यूहरु, वर्तमान तथा निवर्तमान कर्मचारी ज्यूहरु, यस गरिमामय सभाका धरोहर शेयर सदस्यज्यूहरु र यस जनकल्याण साकोसलाई माया गर्नुहुने सम्पूर्ण उपस्थित भद्र भलाद्मिहरु सबैमा मेरो व्यक्तिगत तथा साकोसको तर्फबाट सहकारी अभिवादन टक्रयाउछु ।

*आदरणीय शेयर सदस्यज्यूहरु,*

सहकारी स-सानो पूँजीलाई एकिकृत गरी त्यसको समुचित परिचालनबाट सामुहिक हितका लागि गरिने व्यावसाय हो। यसले हाम्रो जस्तो मुलुकमा आर्थिक व्यवसायका माध्यामबाट आर्थिक समृद्धि सामाजिक रुपान्तरण साँस्कृतिक जगेर्ना गर्न समुदायमा आधारित छ । त्यसैले नेपालको संविधानमा नै उल्लेखित समाजबाद उन्मुख अर्थतन्त्रको एक खम्बाको रुपमा स्वीकारेको कुरा सर्ब विधित छ । सहकारी स्वार्थका लागि द्वन्द रहित  समान व्यवहार र समान अवसर प्रदान गर्ने संस्था हो । यसमा जातजाति, भाषा, धर्म, लिङ्ग, वर्ण, स्तर र वर्गका आधारमा भेदभाव हुदैन त्यसैले जनकल्याण सबैका लागि हो। विश्वव्यापी फैलिएको वित्तीय संकट तथा नेपालमा केही (ठूला भनाउदा) सहकारीका कारणबाट आम जनमानसमा सहकारी प्रति बढेको अविश्वासलाई चिर्दै यस संस्थाले आफ्ना सदस्यहरुको विश्वास अटल राख्न हरपल काम गरिरहेको छ र सो विश्वासलाई कायम राख्न जतिसुकै धमिराहरु समाजमा फैलिए पनि प्रयत्नशील रहने छौं भन्ने विश्वास यस गरिमामय सभामा राख्न चाहान्छु । विधि प्रविधिको आधुनिक प्रयोग गरी संस्थागत सुशासन कायम राखी अझ उच्च स्तरको सुशासन कायम राख्न प्रयत्नशील रहने छौं ।यस संस्थाले समाजमा रहेका सम्पन्न वर्ग देखि विपन्न वर्ग र वित्तीय पहुँच नपुगेका ठाउँ देखि अत्याधिक वित्तीय पहुँच पुगेका संस्थाहरु रहेका सुगम क्षेत्र का साथै नवजात शिशु देखि बृद्ध बृद्धा, ज्येष्ठ नागरिकलाई समेत समेटि वित्तीय कारोबार सञ्चालन गरिरहेको यस सम्मानित सभामा राख्न पाउदा आफूलाई गौरवान्वित ठानेको छु ।

*आदरणीय शेयर सदस्य ज्यूहरु,*

अब म यस  सम्मानित सभामा जनकल्याण साकोसको २८ औं साधारण सभाले स्वीकृत गरी हामीलाई कार्य सम्पादन गर्न दिएका नीति र कार्यक्रम अनुसार आ.व.२०८०/०८१ मा गरेका कार्यविवरण प्रस्तुत गर्न चाहान्छु ।

## १. संस्थाको गणपुरक संख्या:

यस संस्थाको २८ औं वार्षिक साधारणसभा २०८० मंसिर २३ गते का दिन सम्पन्न भएको थियो । उक्त अवसरमा संस्थाको कुल सदस्य संख्या २५३९ रहेकोमा उपस्थिति सदस्य संख्या १४९३ भएको थियो जुन कुल सदस्य संख्याको अनुपातमा ५८.८० प्रतिशत सदस्यहरुको उपस्थित रहेको कुरा जानकारी गराउन चाहान्छु ।

## २. संस्थागत निर्णय र नीति कार्यविधिको अवस्था:

२७ औं वार्षिक साधारण सभाबाट निर्वाचित ११ सदस्यीय सञ्चालक मध्ये १ जना सदस्यको राजिनामा स्वीकृत भइ १० सदस्यीय सञ्चालक समिति रहेको साथै ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्वाचित भइ नियमित बैठक बसि संस्थागत विकासमा क्रियाशील रहेको छ । सञ्चालक समितिको भूमिकालाई प्रभावकारी बनाउन गठन भएका समितिहरु बाहेक अन्य विभिन्न उपसमिति तथा कार्यदलहरु गठन भइ नियमित रुपमा बैठकहरु सञ्चालन भएका छन । गत २८ औं वार्षिक साधारण सभावाट पारित गरेका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सञ्चालक समितिका जम्मा २५ वटा बैठकहरु सम्पन्न भएका छन् र ति बैठकहरुबाट १४९ वटा विभिन्न निर्णयहरु भएका छन् । यस संगै विभिन्न उपसमिति र कार्यदलका जम्मा ४१ वटा बैठकहरु सम्पन्न भई विभिन्न ५३ निर्णयहरु गरी कार्यान्वयन गरिएका छन् ।लेखा सुपरिवेक्षण समितिका ४ वटा बैठक बसि दिएका सुझाबहरुलाई अक्षरस पालन गरिदै आइएको छ ।

## ३. शेयर सदस्य तथा पूँजी संरचना:

गत आ.व. २०७९/०८० को अन्त्यमा कुल सदस्य संख्या २५३९ रहेकोमा यस आ.व. ०८०/०८१ मा शेयर सदस्य संख्या १३० ले वृद्धि भई जम्मा सदस्य संख्या २६६९ कायम रहेको छ जसअन्तर्गत महिला शेयर सदस्य संख्या १४७०, पुरूष शेयर सदस्य संख्या ११७१ र संस्थागत शेयर सदस्य संख्या २८ रहेको छ । आर्थिक मन्दीको चरम संकटका वावजुत संस्थाको वित्तीय स्रोतमा सकारात्मक वृद्धि भएको छ । गत आ.व. ०७९/०८० को अन्त्यमा संस्थाको कुल शेयर पूँजी रु. २ करोड ७० लाख ६३ हजार १ सय भएकोमा यस आ.व. ०८०/०८१ मा रु. २७ लाख ८२ हजार १ सय थप भई आ.व. को अन्त्यमा कुल शेयर पूँजी रु. २ करोड ९८ लाख ४५ हजार २ सय पुगेको छ । त्यसैगरी निक्षेप (बचत) तर्फ गत आ.व. ०७९/०८० को अन्त्यसम्ममा कुल बचत रकम रु. १९ करोड १६ लाख ४० हजार ९ सय २६ रुपैयाँ भएकोमा यस आ.व. ०८०/०८१ को अन्त्य सम्ममा कुल बचत रकम रु. २३ करोड ९५ लाख ५० हजार ८ सय ७० रुपैयाँ पुगेको छ । जुन अघिल्लो आ.व.को तुलनामा ४ करोड ७९ लाख ९ हजार ९ सय ४४ रुपैंयाले वृद्धि भएको देखिन्छ।

## ४. ऋण लगानी र असुली:

ऋण लगानी र ऋण असुली बचत तथा ऋण सहकारीको मुटु भएकाले यसलाई समय सापेक्ष बनाउन र प्रभावकारी लगानी असुलीका कार्य सम्पन्न गर्नका लागि नीतिगत व्यवस्था गरिएको छ । संस्थाबाट

संकलित सदस्यहरुको बचतलाई नीतिगत रुपमा विधि सम्वत् गरिएकाले राज्यले तोकेको मापदण्डलाई पूर्णरुपमा पालन गर्दै साना व्यवसायलाई लगानी वृद्धि गर्ने रोजगारी शृजना र आम्दानी वृद्धिको क्षेत्रमा परिचालन गर्ने प्रयास गरिएको छ ।तसर्थ संस्थाको लगानी र असुलीलाई प्रभावकारी बनाउन ऋण लिदा नै तोकिएको समयमा भुक्तानी गर्ने योजनालाई समयमै भुक्तानी गर्ने परम्पराको विकास गर्न अझै जरुरी छ । अत: संस्थाको उन्नती र प्रगति गर्नका लागि नियमित साँवा ब्याजको किस्ता भुक्तानी गरिदिनुहुन ऋणी सदस्यहरुलाई विशेष आग्रह गर्दछु ।

आ.व. २०७९/०८० को अन्त्यमा १९ करोड ९७ लाख १४ हजार ९ सय ९३ रुपैंया लगानी भएकोमा आ.व. ०८०/०८१ मा १६ करोड ९६ लाख ९४ हजार ५ सय नयाँ लगानी भइ १६ करोड १३ लाख १७ हजार ४ सय ४९ रूपैंया असुल भइ यस आ.व. को अन्त्यमा लगानीमा रहेको ऋण २० करोड ८० लाख ९२ हजार ४३ रुपैंया यथार्थमा रहेको तर लेखापरीक्षण प्रतिवेदनमा १९ करोड १९ लाख ८४ हजार ५ सय १४ रुपैंया देखिएको छ जुन ऋण सुरक्षण कोषमा रहेको १ करोड ६१ लाख ७ हजार ५ सय २९ रुपैया रकम घटाइ शुद्ध ऋणलाई मात्र देखाइएको कुरा सम्मानित सभामा जानकारी गराउन चाहान्छु ।

## ५. आम्दानी, खर्च र प्रतिफल:

बचत तथा ऋण सहकारी संस्थाको मुख्य आम्दानीको स्रोत भनेको ऋण लगानीबाट प्राप्त हुने ब्याज नै हो । यस आ.व. २०८०/०८१ को अन्यमा तपसिल अनुसारको आम्दानी खर्च र शेयर पूँजीको प्रतिफल रहेको सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु ।

आम्दानी तर्फ

| | | |
|---|---|---|
| क) | ऋण लगानीबाट ब्याज प्राप्त | : रू. २,९६,८३,३४०।०० |
| ख) | विभिन्न बैंक खाताहरुबाट ब्याज प्राप्त | : रू. ४०,६४,०६४।०० |
| ग) | लाभांश तथा संरक्षित पूँजी कोषबाट प्राप्त | : रू. २६०९।०० |
| घ) | अन्य विभिन्न शीर्षकहरुबाट प्राप्त | : रू. २५८९४३८।०० |
| | **कुल आम्दानी** | **: रू. ३,६३,३९,४५१।००** |

खर्च तर्फ

| | | |
|---|---|---|
| क) | विभिन्न बचत खाताको ब्याज खर्च | : रू. १,९२,४८,७३७।०० |
| ख) | बाह्यिय ऋणको ब्याज खर्च | : रू. २,६०,३३०।०० |
| ग) | असल ऋणीलाई ब्याज छुट खर्च | : रू. ४,९६,५१७।०० |
| घ) | कर्मचारीको तलब भत्ता खर्च | : रू. ३५,७२,३०४।०० |
| ङ) | सञ्चालन तथा प्रशासनिक खर्च | : रू. १७,२४,२२५।०० |

| | | |
|---|---|---|
| च) | २८ औं वार्षिक साधारण सभा खर्च | : रू. १३,०८,७४२।०० |
| छ) | स्थिर सम्पतिमा ह्रास कट्टि खर्च | : रू. ४,४५,२४०।०० |
| ज) | चालु आयकर खर्च | : रू. ५,८४,४४५।०० |
| झ) | ऋण सुरक्षण कोष खर्च | : रू. ८६,९८,९११।०० |
| | **जम्मा खर्च** | : रू. ३,६३,३९,४५१।०० |

यस आ.व. ०८०/०८१ मा जम्मा रु. ८६ लाख ९८ हजार ९ सय ११ रुपैयाँ बचत (उवार) भएकोमा यस वर्ष आर्थिक मन्दिको चरम प्रभावले सदस्यहरुको ऋण तिर्ने तत्परतामा कमी आउनाले, सदस्यले समयमै ऋण भुक्तानी नगर्नाले र बचत निक्षेपमा वृद्धि भएको तथा ऋण लगानी गर्न नसकिएकाले गर्दा यस आ.व. को खुद नाफा सबै ऋण जोखिम कोषमा खर्च लेखेर जानुपर्ने भएको हुनाले यस आ.व. २०८०/०८१ मा खुद नाफा शून्य देखिन गएको व्यहोरा पनि अनुरोध छ ।

## ६. तालिम, गोष्ठी, सञ्चालन र सहभागिता:

संस्था सञ्चालनमा सञ्चालकहरुको भन्दा कर्मचारीहरुको भूमिका प्रमुख हुन्छ । उनीहरुको भूमिकालाई थप जिम्मेवार बनाउन, सिपको विकास गर्न, उच्च मनोबल भर्न र सिर्जनात्मक क्षमताको विकास गर्न विभिन्न प्रकारका विषय केन्द्रित तालिमहरुमा सहभागी गरी आवश्यक मात्रामा सञ्चालक तथा कर्मचारीहरुलाई प्रशिक्षित गर्ने उद्धेश्यले सहकारीका छाता संगठनहरु तथा नियमक निकायबाट दिइने तालिम तथा गोष्ठी कार्यशालामा सक्रिय सहभागिता जनाइएको छ । नेफ्स्कुनको ३२ औं साधारणसभामा संस्थाका अध्यक्षको सहभागिता रहेको थियो । सहकारीको क्षेत्र सुधार सुझाव कार्यशालामा संस्थाका सचिवको सहभागिता रहेको थियो । संस्थाका व्यवस्थापक डिजिटल कनक्लेभ तथा एन.एफ.आर.एस. तालिमका लागि काठमान्डौ गइ सहभागिता जनाइएको थियो । संस्थामा सञ्चालित प्रोवेसन तथा केयर कार्यक्रमको समिक्षा सम्बन्धी ३ वटा कार्यक्रममा सहभागी भई अन्य सहकारीको अभ्यासबाट भएका सिकाई र सहकारी अभियानले प्रदान गरेको सुझाव बमोजिम सुधारको कार्यक्रम गरिएको छ । संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक आन्तरिक लेखा परीक्षण तालिम तथा लेखा पर्यवक्षण समितिको राष्ट्रिय सम्मेलनमा भाग लिनुभएको थियो। नेफ्स्कुनको आयोजनामा सुर्खेतमा सम्पन्न भएको मानव संसाधन व्यवस्थापन तालिम, ऋण असुली तथा धितो लिलाम सम्बन्धी कानुनी प्रकृया तालिममा संस्थाका ऋण विभाग प्रमुखको सहभागिता रहेको थियो । नेफ्स्कुन तथा राष्ट्रिय सहकारी बैंक मार्फत दिइएका विभिन्न तालिम तथा गोष्ठीहरु (कर्मचारीको क्षमता विकास तालिम, नक्कली नोट पहिचान र हस्ताक्षर प्रमाणिकरण प्रशिक्षण तालिम, वार्षिक योजना तथा बजेट निर्माण तालिम) जस्ता कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाइएको छ । यसका साथै स्थापना दिवस सम्बन्धी सप्ताहव्यापी कार्यक्रम र नेफ्स्कुन तथा राष्ट्रिय सहकारी बैंक र अन्य निकायबाट सञ्चालन भएका विभिन्न विषय सम्बन्धी भर्चुअल तालिमहरुमा संस्थाको तर्फबाट सहभागिता जनाइएको ।

## ७. विश्वसनीय सेवा र नयाँ प्रविधिको प्रयोग:

संस्थाबाट सम्पादन हुने दैनिक आर्थिक क्रियाकलापलाई थप सहज, सुरक्षित र विश्वसनीय बनाउन संस्थाको आर्थिक कारोबार क्लाउड वेस सफ्टवेयर मार्फत सञ्चालन गरिएको छ । संस्थाको आफ्नै मोबाइल बैंकिङ एप्लिकेशन जनकल्याण एप्स पूर्णरुपमा सञ्चालनमा आएको छ । मोवाईल रिचार्ज गर्न, लेण्ड लाईन टेलिफोनको बिल तिर्न, डिस होमको रिचार्ज गर्न, बिजुलीको महशुल भुक्तानी लगाएतका अन्य सुविधाहरु शेयर सदस्यले घरमै बसी बसी आफ्नै मोबाइलबाट गर्न सकिने व्यवस्था मिलाइएको छ । आदरणीय शेयर सदस्य ज्यूहरु यसका साथै संस्थाको सेवा प्रवाह र सूचनाको जानकारी दिन दैनिक रुपमा फेसवुक पेज र वेभसाइट अध्यावधिक गर्ने कार्य गरिएको छ । संस्थाको कार्यालय भवनबाट रेमिट्यान्स सम्बन्धी सम्पूर्ण सेवाहरु उपलब्ध गराईएको छ । यसका साथै सहकारी विभागको अनलाईन पोर्टल कोपोमिसमा सदस्यहरुको विवरण अध्यावधिक गर्ने र मासिक रुपमा प्रतिवेदन प्रविष्टी गर्ने कार्य निरन्तर गरिएको छ । संस्थाको हरेक कारोबार सुरक्षित र सहज बनाउँदै नीति, विधि, प्रविधि र सुशासनलाई अक्षरशः पालना गरी संस्थालाई गुणस्तरीय बनाउने ढंगबाट अगाडि बढिरहेको छ । अब संस्थाले नीति विधि प्रविधि र सुशासनलाई पालना गरी अगाडि बढेको कुरा जानकारी गराउँदछु ।

## ८. भौतिक तथा प्रशासनिक सुधार र सुशासन:

संस्थामा प्रयोग गरिने भौतिक व्यवस्थापन र प्रविधिहरु पनि समयानुकुल परिवर्तन गर्दै जान सकिएन भने संस्थाको आन्तरिक व्यवस्थापन समय सापेक्ष छिटो छरितो र विश्वसनीय बनाउन सकिदैन जसबाट संस्थाका सदस्यहरुमा आकर्षणको साटो बिकर्षण बढ्न जान्छ । तसर्थ संस्थालाई चुस्त दुरुस्त बनाई राख्नका लागि समय सापेक्ष संस्थाको भवन, फर्निचर, फूलबारी तथा आन्तरिक रुपमा प्रयोग गरिने अन्य उपकरणहरुको विस्तारै वृद्धि र विकास गर्नु अपरिहार्य हुन्छ ।संस्थाको शाखागत कार्यकक्षलाई व्यवस्थित गर्न, संस्थाका अभिलेख सुरक्षित र व्यवस्थित राख्न तथा सहकारी शिक्षा एवं वित्तीय साक्षरता र गोष्ठीहरु सञ्चालन गर्ने कार्य सहज गराउनका लागि हालको भवन पछाडिको खाली जग्गामा नयाँ भवन र सभाहल निर्माणको कार्य अगाडि बढाइएको छ । सञ्चालक समितिको बैठकलाई व्यवस्थित र पारदर्शी बनाउनका लागि प्रोजेक्टर मार्फत श्रव्यदृश्यमार्फत निर्णय लेखन र प्रमाणीत गर्ने कार्य निरन्तर भैरहेको छ । संस्थामा कार्यरत कर्मचारीलाई कार्यालय समयको अनुशासन पालना गराउनका लागि इ-हाजिरी मेशिनको प्रयोग र प्रभावकारी कार्यान्वयन गरिएको छ । सदस्यहरुलाई पालो पर्खने स्थानमा टीभीको व्यवस्था र सदस्यहरुलाई समयानुसार तातोचिसो पिउने पानीको व्यवस्था गरिएको छ । संस्थाका सूचना तथा जानकारी सदस्यहरुलाई सहजै उपलब्ध गराउनका लागि डिजिटल सूचना पाटी र वेभसाइटको प्रभावकारी कार्यान्वयन गरिएको छ । संस्थाको कार्यालय सञ्चालनका लागि आवश्यक विद्युतीय उपकरणहरुको व्यवस्थापन गरी छिटो छरितो र विश्वसनीय ढंगबाट सेवा प्रवाह भैरहेको छ ।संस्थाको काउन्टरलाई सुरक्षित र व्यवस्थित बनाउनका लागि सि.सि. क्यामराको जडान गरिएको छ । र स्तर उन्नति समय समयमा गरिराखिने नै छ।

## ९. सदस्यको योगदानमा आधारित सदस्यता राहत

सदस्यहरुको योगदानमा आधारित सदस्य राहत योजना अन्तरगत सदस्यहरुलाई राहत वितरण सम्बन्धी कार्यविधि २०७७ बमोजिम हरेक वर्ष सदस्यले वार्षिक एक सय योगदान गर्नुपर्ने र सदस्यबाट योगदान भएको कुल रकम जति नै संस्थाले थप गर्नेगरि संस्थामा दीर्घकालसम्म रहने सदस्य राहत कोष स्थापना भएको छ । संस्थाको आन्तरिक कार्यविधि बमोजिम सदस्यको मृत्यू संस्कार खर्च स्वरुप अधिकतम २० हजार सम्म, सुत्केरी सदस्य पोषण खर्च २ हजार र अन्य प्राकृतिक विपद सम्बन्धी राहत पनि प्रदान गर्दै आइरहेको छ । आ.व. ०८०/०८१ मा विभिन्न ८ जना सदस्य तथा सदस्यको परिवार मृत्यू संस्कार राहत तथा भेटघाटमा ८५ हजार रुपैयाँ खर्च भएको छ । यस्तै २७ जना सुत्केरी सदस्यको पोषण खर्च वापत ५४ हजार रुपैयाँ प्रदान गरिएको छ । यसरी यसवर्ष सदस्य राहत कोषबाट १ लाख ३९ हजार रुपैयाँ खर्च भएको छ । आ.व. ०८०/०८१ को अन्त्यसम्ममा सदस्यको योगदान र संस्थाले थप गर्ने रकम सहित सदस्य राहत कोषको आकारमा वृद्धि हुँदै १२ लाख ३८ हजार ४ सय ६४ रुपैयाँ हुन पुगेको छ । केहि वर्षपछि सदस्य राहत कोषमा रहेको रकमको ब्याजबाट मात्रै राहत वितरण गर्न सकिने देखिएमा सदस्यको योगदान स्वरुपको रकम छुट गर्ने संस्थाको आन्तरिक योजना रहेको व्यहोरा समेत सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।

## १०. २९औँ स्थापना दिवस, सम्मान, पुरस्कार तथा सामाजिक कार्य:

संस्था स्थापना गरी २०५२ जेठ २८ गते विधिवत् रुपमा दर्ता भई सञ्चालनमा आएको छ । यसर्थ हरेक वर्षको जेठ २८ गते संस्था स्थापना दिवसको रुपमा मनाउँदै आइरहेको छ । जेठ २८ को महत्त्वपूर्ण दिनलाई यसवर्ष पनि विगतमा जस्तै साप्ताहिक रुपमा विभिन्न कार्यक्रमहरु गरी भव्य रुपमा सम्पन्न गरिएको छ । स्थापना दिवसको अवसरमा मिति २०८१ जेठ २२ गते उत्कृष्ट शेयर सदस्य, बाल सदस्य र सामाजिक व्यक्तित्व छनौट अन्तर्गत ६० जना शेयर सदस्यलाई पुरस्कृत गरिएको छ । जेठ २३ गते ज्येष्ठ सदस्य सम्मान कार्यक्रममा ४८ जना (७५ वर्ष भन्दा माथिका ज्येष्ठ) शेयर सदस्यलाई मासिक १५० का दरले सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। जेठ २४ गते धारापानी शहरी स्वास्थ्य केन्द्रमा संस्थाको आयोजना तथा नेपाल रेडक्रस सोसाइटी उपशाखा भैरवस्थानको समन्वय एवं आँखा अस्पताल सुर्खेतको प्राविधिक सहयोगमा आँखा सिविर सञ्चालन गरी १६३ जनाले सो सेवा लिनुभएको छ । सहकारीको स्थापना दिवसको अवसरमै जेठ २५ गते ७० वर्ष भन्दा माथिका ३८ जना सदस्यहरुलाई छाता वितरण गरिएको र सामाजिक उत्तरदायित्व कार्य अन्तरगत भैरव मा.वी.मा आर्थिक-सामाजिक विकासमा सहकारीको भूमिका विषयक वक्तृत्वकला प्रतियोगिता कार्यक्रम गरिएको छ । जेठ २६ गते संस्थाको सभाहलमा रक्तदान कार्यक्रम गरी २८ पिन्ट रगत संकलन गरी रेडक्रसलाई हस्तान्तरण गरिएको छ ।२९ औं स्थापना दिवसका अवसरमा मानवसेवा आश्रम सुर्खेतमा विशेष भोजन सेवा अर्पण गर्ने कार्य समेत भएको छ । धारापानी आधारभूत विद्यालयलाई आवश्यक सरसफाइका सामाग्रिहरु हस्तान्तरण गरिएको छ ।

## ११. श्रद्धान्जली:

आर्थिक वर्ष २०८०/०८१को अवधिमा हाम्रो परिवार भित्रका ६ जना शेयर सदस्य तथा २ जना बाल सदस्य संस्थाले सधैंभरिका लागि गुमाएको छ । जसबाट संस्थाले अतुलनीय क्षति ब्यहोर्नु परेको छ । मृतआत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवार जनहरुमा हार्दिक समवेदना प्रकट गर्दछु । निजहरुलाई राहात कार्यक्रम सम्बन्धित स्थानमा गई उसै समयमा वितरण गरी सम्पन्न भई सकेको छ ।

*आदरणीय शेयर सदस्य ज्यूहरु,*

अब म सम्मानित सभा माझ आ.व. २०८१/०८२ को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहान्छु ।

## आ.व. २०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रमहरू:

### १. कार्यक्रमः शेयर सदस्य शेयर पूँजी र बचत वृद्धि

*शेयर सदस्य संख्या ३०००, शेयर पूँजी ३ करोड ४० लाख, बचत २६ करोड ७० लाख, कुल वासलात ३४ करोड ५० लाख पुऱ्याउने ।*

यस अघिका वर्षहरुमा शेयर पूँजी, शेयर सदस्य तथा उत्कृष्ट बचतकर्ताहरुलाई प्रदान गर्रिंदै आएको सम्मान तथा पुरस्कारलाई निरन्तरता दिंदै बचत, शेयर तथा सदस्य वृद्धिका लागि शेयर सदस्यलाई उत्प्रेरित गरिनेछ । संस्थाको दोश्रो रणनीतिक व्यवसायिक योजना बमोजिम सञ्चालक, लेखा तथा उपसमिति र कर्मचारीलाई तोकिएको सदस्य संख्या वृद्धि गर्न जिम्मेवार बनाउनुका साथै प्रतिस्पर्धी ब्याजदर, सेवा सुविधा र कारोबारका लागि सुरक्षित सहकारीको रुपमा संस्थालाई सदस्यको दृष्टिकोणमा अझ बढि विश्वासिलो र भरोसायोग्य बनाईनेछ ।

### २. कार्यक्रम : ऋण लगानी र नियमित किस्ता प्राप्ति

*प्रतिव्यक्ति ऋण लगानी प्राथमिक पूँजी कोषको १०%, कुल ऋण लगानी २५ करोड भाखा नाघेको ऋण ५% भन्दा कम र ७५ प्रतिशत ऋणको मासिक किस्ता बनाउने ।*

यस अघिका वर्षहरुमा नियमित ऋण बुझाउने सदस्यलाई ब्याजमा पाँच प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिंदै ऋण भुक्तानीको लागि अग्रीम सूचना दिने, दैनिक फोन तथा घरदैलो ताकेता गर्ने, असल ऋणीलाई पुरस्कृत गर्ने कार्य गरिनेछ । ऋण लगानी गर्दा सदस्यको धितो, आचरण, ऋण भुक्तानी गर्ने क्षमता, बजार तथा व्यवसायको अवस्था र सदस्यको पूँजी (५सि) को विश्लेषण गरी पारिवारिक सहमतिका आधारमा ऋण लगानी गर्ने साथै भाखा नाघेको ऋण असुलीका लागि संस्थाको सम्पूर्ण संयन्त्र र नियमानुसारको कानुनी कारवाहि अगाडी बढाईनेछ । सदस्यलाई उपभोगका लागि नभई उत्पादन तथा आर्थिक वृद्धिका लागि ऋण लिन उत्पेरित गर्दै सानो सानो रकमको ऋण लगानीलाई प्राथमिकतामा राखिनेछ ।

## ३. कार्यक्रम : तालिम तथा गोष्ठी

*सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालीम, बाह्य तालिम तथा गोष्ठी १० वटा र ऐन कानून तथा नीति नियम सम्बन्धी गोष्ठी २ वटा सम्पन्न गरिनेछ ।*

संस्थाको आयोजनामा शेयर सदस्यहरुलाई सहभागी गराई सहकारी ऐन नियम अनुसार संस्थाको बारेमा जानकारी दिने साथै सहकारी शिक्षा तथा वित्तीय साक्षरता तालिम सञ्चालन गरिनेछ र सञ्चालक तथा कर्मचारीहरु लाई विषयगत तालिममा सहभागी गराईनेछ साथै शेयर सदस्य तथा सरोकारवालाहरुका बीच ऐन कानून तथा नीति नियम सम्बन्धी गोष्ठीको आयोजना गरिनेछ ।

## ४. कार्यक्रम : मानव संसाधन व्यवस्थापन

*कर्मचारी तथा सञ्चालकको विषयगत तालिम, शेयर सदस्य संख्या, खाता परिचालन, ऋण लगानीको आधार एवं संस्थाको क्षमता अनुसार कर्मचारी थप गरीनेछ ।*

संस्थामा कार्यरत कर्मचारीहरुको कार्यकुशलता वृद्धि गर्दै विशिष्टिकरण ल्याउन जिम्मेवारी बमोजिमको थप विषयगत तालिम तथा क्षमता विकासको कार्यक्रममा सहभागी गराइनेछ साथै सञ्चालक, लेखा तथा उपसमितिको विभिन्न जिम्मेवारीमा रहने व्यक्तिहरुलाई संस्थागत लक्ष्य हासिल गर्नका लागि उत्प्रेरित गरी काममा लगाइनेछ । संस्थाको पुँजिगत संरचना बमोजिम कर्मचारीको तहगत व्यवस्था मिलाउँदै त्रैमासिक लक्ष्य प्रदान गर्ने र सो को सञ्चालक, लेखा र उपसमिति समेतको सहभागितामा त्रैमासिक समिक्षा गरिनेछ ।

## ५. कार्यक्रमः- भौतिक व्यवस्थापन र प्रविधिको प्रयोग

*भवनको बाँकी निर्माण कार्य सम्पन्न, प्रतिस्पर्धी र सुरक्षित सफ्टवेयर मार्फत अभिलेख व्यवस्थापन ।*

गत २८ औं वार्षिक साधारणसभाबाट पारित भएको नीति तथा कार्यक्रम र बजेटले निर्दिष्ट गरे बमोजिम भवन निर्माणको बाँकी कामलाई पुरा गरी सुरक्षित भवनबाट सेवा प्रवाह गरिनेछ । संस्थाको वित्तीय कारोबार थप प्रतिस्पर्धी, सुरक्षित र थप सुविधा भएको सफ्टवयेर व्यवस्थापन र उच्च स्थरिय विद्युतीय उपकरणको प्रयोग। सुरक्षित र सुविधा युक्त कार्य गर्नको लागि थप विद्युतीय उपकरणमा जोड दिइने छ । संस्थाको अभिलेख एवं कार्यालय भवनको सुरक्षालाई मध्यनजर गर्दै सिसि क्यामराको क्षमता वृद्धि गरिनेछ ।

## ६. कार्यक्रम : स्थापना दिवस, सामाजिक उत्तरदायित्व तथा सम्मान र पुरस्कार

*सप्ताहव्यापी (सात दिन सातवटा) कार्यक्रम गर्ने ।*

संस्थाको स्थापना दिवस (जेठ २८) को अवसरमा यस अघिका वर्षहरुमा झैं जेठ २२ देखि जेठ २८ सम्म विभिन्न खालका सामुदायिक क्रियाकलाप तथा सदस्य सम्मान लगाएतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । सप्ताहव्यापी कार्यक्रमहरु सञ्चालन गर्दा स्थानीय स्तरका संघ-संस्था, सामाजिक व्यक्तित्व तथा अन्य सरोकारवालाहरु समेतसँग सहयोग एवं समन्वयका आधारमा गरिनेछ ।

### ७. कार्यक्रम : संस्थागत सुशासन र पारदर्शिता

*पर्ल्स अनुगमन प्रणाली बमोजिम वित्तीय व्यवस्थापन, संस्थाका गतिविधिहरु प्रकाशन/प्रसारण, ऐन कानून र नीति बमोजिम संस्था सञ्चालन, समयानुकुल कार्यविधिहरु परिमार्जन गर्ने ।*

नेफ्स्कुन र राष्ट्रिय सहकारी बैंकसँग सम्झौता भएको प्रोवेसन र केयर कार्यक्रमलाई निरन्तरता दिई पर्ल्स तथा हिमालका सूचकलाई मापदण्ड बमोजिम कायम गर्नका लागि योजना निर्माण गरी सुधार गरिनेछ साथै संस्थाका वित्तीय एवं गैरवित्तीय प्रगति विवरण एवं गतिविधिहरु मासिक रुपमा प्रकाशन एवं प्रसारण गरिनेछ । सरकारी संस्थाका आन्तरिक नीति नियम एवं कार्यविधि बमोजिम संस्था सञ्चालन गरी समयानुकुल आन्तरिक कार्यविधिहरुलाई परिमार्जन गरिनेछ ।

### ८. कार्यक्रम : कार्यालय सञ्चालन तथा व्यवस्थापन र पहुँच विस्तार

*सार्वजनिक विदामा विहान ७ बजे देखि ९ बजेसम्म र अन्य दिन बिहान ७ बजेदेखि साँझ ५ सम्म कार्यालय खुला गर्ने ।*

सदस्यहरुसँग संस्थाको पहुँचलाई नजिक र नियमित बनाउनका लागि संस्थाको कार्यालय बिहान ७ बजेदेखि नै खुला राखी कारोबार गरिनेछ । सार्वजनिक विदाका दिनमा समेत सञ्चालनमा रहेको बिहानी सेवालाई निरन्तरता दिँदै कार्यालयदेखि टाढा पर्ने कार्यक्षेत्रमा सदस्य संख्याको आधारमा शाखा रहित घुम्ती सेवा वा आवश्यकता बमोजिम सेवा केन्द्र स्थापनका लागि छलफल गरिनेछ ।

अन्त्यमा माथि उल्लेखित कार्यक्रमहरु सञ्चालनका लागि स्रोतको व्यवस्था कोषाध्यक्षको प्रतिवेदनबाट अवश्य जानकारी प्राप्त हुने नै छ । संस्थाको प्रगति र उन्नतिका लागि अथक परिश्रम तथा प्रयास गर्नुहुने सम्पूर्ण शेयर सदस्य ज्यूहरु, पूर्व सञ्चालक ज्यूहरु, पूर्व कर्मचारी, पूर्व उपसमिति, पूर्व लेखा समिति तथा वर्तमान सञ्चालक, उपसमितिका साथीहरु, सल्लाहकार ज्यूहरु,कर्मचारी साथीहरु तथा संस्थाको प्रगति र उन्नति देख्न चाहानुहुने सुभेच्छेक ज्यूहरु सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दै सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिने प्रतिवेदन यही अन्त्य गर्न चाहान्छु ।

*धन्यवाद । जय सहकारी ॥ जय जनकल्याण ॥*

**महेन्द्र प्रसाद शर्मा**

अध्यक्ष

## २९ औं वार्षिक साधारण सभामा प्रस्तुत
# आर्थिक प्रतिवेदन २०८१



**शेर बहादुर शाही**

*आदरणीय शेयर सदस्य ज्यूहरु,*

यस जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. विरेन्द्रनगर १ सुर्खेतको २९ औ वार्षिक साधारण सभाका सभाध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, अन्य अतिथि ज्यू, सम्पूर्ण यस संस्थाका मालिक शेयर सदस्य ज्यूहरु, सञ्चालक तथा पुर्व सञ्चालक समितिका पदाधिकारी एंव सदस्य साथीहरु, संस्थाको उन्नती र प्रगतिका लागि आवश्यक सल्लाह दिनुहुने सल्लाहकार ज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्य ज्यूहरु, उपसमितिका संयोजक एवं सदस्य ज्यूहरु, कर्मचारी मित्रहरु, समाजसेवी, बुद्धिजिवी, उद्योगी, व्यापारी, सुरक्षाकर्मी तथा पत्रकार बन्धुहरु सम्पूर्णमा सहकारी अभिवादन व्यक्त गर्दछु ।

*आदरणीय शेयर सदस्य ज्यूहरु :*

सहकारी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा समुन्नत बनाँउने सामाजिक न्याय सहितको समतामूलक दिगो अर्थतन्त्र निर्माणको आधार हो । त्यसैले नयाँ नेपाल निर्माणमा सहकारी क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको छ । बजार केन्द्रित अर्थतन्त्रका कारण आयको वितरण न्यायोचित नहुँदा समाजमा असमानता, असन्तुष्टि हुन गई विभिन्न मुलुकमा द्वन्द र कहिलेकाँही विनाशको अवस्था देखिएको हुन्छ । उत्पादन र बजारीकरणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित गर्न सहकारी एउटा पुरक पात्र हुने गरेको छ । समाजमा जातिय, लैंगिक, भौगोलिक लगायत बहुआयामिक असमानता रहने र तिनलाई न्युनीकरण गर्नमा सहकारी एक उपयुक्त माध्यम हो ।सहकारी क्षेत्र राज्य र निजी क्षेत्रको प्रतिष्पर्धी नभई परिपुरक मात्र हो । राज्य द्वारा प्रदान गरिने वितरणलाई तल्लो तहसम्म पुर्याउन सहकारी मार्फत गर्नु उपयुक्त हुन्छ । राज्य जान नसक्ने तथा निजी क्षेत्र जान नचाहने क्षेत्रमा सिर्जित अन्तराल सहकारीले पुरा गर्न सक्दछ ।

## १. कुल पूँजी वृद्धि

गत आ.व. ०७९/०८० को अन्त्यसम्ममा यस संस्थाको कुल पूँजी रकम रू. २५ करोड २९ लाख ९० हजार ९ सय ६० रुपैयाँ भएकोमा यस आ.व. ०८०/०८१ मा रू. ५ करोड ४२ लाख ३७ हजार ८ सय ३९ रुपैयाँले वृद्धि भई आ.व. ०८०/०८१ को अन्त्यमा संस्थाको कुल पूँजी रकम रू. ३० करोड ७२ लाख २८ हजार ७ सय ९९ रुपैयाँ भएको छ । तर बाह्य लेखा परीक्षण प्रतिवेदनमा संस्थाको कुल पूँजी २९ करोड ११ लाख २१ हजार २ सय ७० रुपैयाँ देखिएको कुरा प्रस्ट पार्न चाहान्छु ।

*हाल नेपाल सरकारको NFRS (Nepal Financial Reporting Standards) अनुसार ऋण सुरक्षण कोषमा भएको रकमलाई लगानी भएको कुल ऋणबाट घटाइ देखाउनुपर्ने प्रावधान रहेकाले रु. १६१०७५२९ फरक पर्न गएको ।*

## २. शेयर पूँजी वृद्धि

संस्थाको शेयर पूँजी तर्फ गत आ.व. ०७९/०८० को अन्त्यसम्ममा शेयर पूँजी रकम रु. २ करोड ७० लाख ६३ हजार १ सय रुपैयाँ रहेकोमा यस आ.व. ०८०/०८१ मा रु. २७ लाख ८२ हजार १ सय रुपैयाँ वृद्धि भई यस आ.व. को अन्त्यसम्ममा कुल शेयर पूँजी रकम रु. २ करोड ९८ लाख ४५ हजार २ सय रुपैयाँ भएको छ ।

## ३. बचत बृद्धिः

गत आ.व. ०७९/०८० को अन्त्यसम्ममा यस संस्थामा कुल बचत रकम रु. १९ करोड १६ लाख ४० हजार ९ सय २६ रुपैया ३१ पैसा रहेकोमा यस आ.व. ०८०/०८१ को वृद्धि रु. ४ करोड ७९ लाख ९ हजार ९ सय ४४ रुपैयाँले वृद्धि भई आ.व. को अन्त्यमा कुल बचत निक्षेप रकम रु. २३ करोड ९५ लाख ५० हजार ८ सय ७० रुपैयाँ १२ पैसा रहेको छ ।

## ४. संस्थागत पूँजी तथा अन्य कोष वृद्धिको अवस्थाः

संस्थाको आ.व. ०७९/०८० को अन्त्यसम्ममा संस्थागत पुँजी, अन्य कोषहरु तथा ऋण सुरक्षण कोष समेतको रकम रु. ३ करोड ५ लाख ८५ हजार १ सय ६१ रुपैयाँ रहेकोमा यस आ.व. ०८०/०८१ मा रु. ५० लाख ८९ हजार ३ सय १९ रुपैयाँ वृद्धि भई आ.व. ०८०/०८१ को अन्त्यमा संस्थागत पूँजी तथा अन्य कोषको रकम रु. ३ करोड ५६ लाख ७४ हजार ४ सय ८० रुपैयाँ रहेको छ । साथै सदस्य राहत कोषमा आ.व. ०७९/०८० को अन्तमा रु ८ लाख ११ हजार १ सय ९९ रुपैया रहेकोमा यस आ.व. ०८०/०८१ मा रु ४ लाख २७ हजार २ सय ६५ रुपैयाले वृद्धि भई आ.व. ०८०/०८१ को अन्तमा रु १२ लाख ३८ हजार ४ सय ६४ रुपैया पुगेको छ ।

## ५. बाह्य ऋणको अवस्थाः

गत आ.व. ०७९/०८० को अन्त्यमा बाह्य ऋणको दायित्व ९९ लाख १६ हजार ४ सय १४ रुपैया ४८ पैसा रहेकोमा यस आ.व. ०८०/०८१ मा बाह्य ऋण शून्य रहेको छ ।

## ६. लगानीमा रहेको ऋणको अवस्थाः

संस्थाको आ.व. ०७९/०८० को अन्त्यमा लगानीमा रहेको ऋण रकम रु. १९ करोड ९७ लाख १४ हजार ९ सय ९३ रुपैया रहेकोमा यस आ.व. ०८०/०८१ मा विश्वव्यापी रुपमा छाएको आर्थिक

मन्दीका कारण व्यापार व्यवसायमा विस्तार हुन नसकेको र त्यसको फल स्वरुप संस्थामा समेत ऋणको माग खुम्चिएको अवस्थामा रहेको छ । यस आ.व. ०८०/०८१ मा सदस्यलाई नयाँ ऋण लगानी रु. १६ करोड ९६ लाख ९४ हजार ५ सय रुपैयाँ भएको र सदस्यबाट ऋण असुली रु. १६ करोड १३ लाख १७ हजार ४ सय ४९ रुपैया भई यस आ.व. को अन्त्यमा लगानीमा रहेको ऋण रु २० करोड ८० लाख ९२ हजार ४३ रुपैया यथार्थमा रहेको छ । तर बाह्य लेखापरीक्षण प्रतिवेदनमा ऋण सुरक्षण कोषमा रहेको १ करोड ६१ लाख ७ हजार ५ सय २९ रुपैया घटाई खुद ऋण रु १९ करोड १९ लाख ८४ हजार ५ सय १४ रुपैया मात्र देखाइएको कुरा यहाँहरुलाई जानकारी गराउन चाहान्छु ।

## ७. स्थिर सम्पत्तिको अवस्थाः

गत आ.व. ०७९/०८० मा संस्थाको स्थिर सम्पत्ति रकम ३५ लाख २३ हजार १ सय २४ रुपैयाँ भएकोमा यस आ.व. मा २ लाख ८ हजार ९ सय ५० रुपैयाँको नयाँ सम्पत्ति सामान गरिद भएको र यस वर्ष स्थिर सम्पत्ति सामानमा रु. ४ लाख ४५ हजार २ सय ४० रुपैयाँ ह्रासकट्टि वापत खर्च भएको हुँदा आ.व. ०८०/०८१ को अन्त्यमा स्थिर सम्पत्तिमा जम्मा रु.३२ लाख ८६ हजार ८ सय ३४ रुपैयाँ रहेको छ ।

## ८. शुद्ध बचत (मुनाफा) विश्लेषणः

गत साधारण सभाबाट पारित अनुमानित बजेटमा यस आ.व. ०८०/०८१ मा शुद्ध बचत रु. ८६ लाख ७२ हजार अनुमान गरिएकोमा, यस आ.व. को खुद नाफा रु ८६ लाख ९८ हजार ९ सय ११ रुपैया भएको तर आर्थिक मन्दी तथा सदस्यको ऋण तिर्ने तत्परतामा कमि आएको हुनाले भाखा नाघेको ऋण असुल गर्न नसकिएको हुँदा नाफाको सम्पूर्ण रकम ऋण सुरक्षण कोषमा खर्च लेखेर जानुपर्ने भएको हुँदा यस आ.व. ०८०/०८१ मा मुनाफा शून्य देखिन गएको छ ।

## ९. सदस्यता वृद्धि विश्लेषणः

गत आ.व. ०७९/०८० मा संस्थामा आबद्ध शेयर सदस्यको संख्या २५३९ भएकोमा यस आ.व. ०८०/०८१ मा १३० जना नयाँ सदस्य वृद्धि भएको हुँदा आ.व. को अन्त्यमा कुल शेयर सदस्यको संख्या २६६९ जना कायम रहेको छ ।

*आदरणीय शेयर सदस्यज्यूहरु,*

अब म यस सम्मानित सभा समक्ष आ.व. ०८०/०८१ को प्रस्तावित तथा यथार्थ एवं आ.व. ०८१/०८२ को प्रस्तावित बजेट संक्षेपमा प्रस्तुत गर्न गईरहेको छु । शेयर सदस्यज्यूहरुको जानकारीका लागि बजेटसँग सम्बन्धित अनुसूचीहरु यसै साथ संलग्न गरिएको छ ।

## आ.व. ०८०/०८१ को प्रस्तावित, आ.व. ०८०/०८१ को यथार्थ तथा आ.व. ०८१/०८२ को प्रस्तावित बजेट

### आम्दानी तर्फ

| क्र. सं. | विवरण | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | ब्याज आम्दानी (अनुसूची-१) | ३,७४,६३,०००.०० | ३,३७,४७,४०३.९३ | ३,९८,०१,०००.०० |
| २ | लाभांशबाट आम्दानी (अनुसूची-२) | ३,११,५००.०० | २,६०९.४३ | २,४५,०००.०० |
| ३ | अन्य सञ्चालन आम्दानी (अनुसूची-३) | १५,४५,०००.०० | २५,८९,४३७.३८ | १६,४१,०००.०० |
| | **जम्मा** | **३,९३,१९,५००.००** | **३,६३,३९,४५०.७४** | **४,१६,८७,०००.००** |

### खर्च तर्फ

| क्र. सं. | विवरण | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | बचतमा ब्याज खर्च | १,८८,००,०००.०० | १,९२,४८,७३६.७२ | २,२०,००,०००.०० |
| २ | ऋणको ब्याजमा छुट खर्च | ६,५०,०००.०० | ४,९६,५१७.०२ | ६,५०,०००.०० |
| ३ | कर्मचारी खर्च (अनुसूची ४) | ४१,६५,०००.०० | ३५,७२,३०४.३३ | ४१,३५,०००.०० |
| ४ | बाह्य ऋणमा ब्याज खर्च | ९,५०,०००.०० | २,६०,३२९.९२ | - |
| ५ | सुशासन तथा कार्यक्रमिक खर्च (अनुसूची ५) | ३६,४०,०००.०० | २४,४८,८२४.८८ | ३४,५०,०००.०० |
| ६ | बजार खर्च (अनुसूची ६) | ४०,०००.०० | २५,६६५.०० | ७०,०००.०० |
| ७ | ह्रासकट्टि खर्च | ५,००,०००.०० | ४,४५,२३९.७५ | ६,५०,०००.०० |
| ८ | प्रशासनिक खर्च (अनुसूची ७) | ९,०२,५००.०० | ५,५८,४७७.०१ | १०,४२,५००.०० |
| ९ | ऋण सुरक्षण खर्च | १०,००,०००.०० | ८६,९८,९११.१३ | - |
| १० | आयकर | | ५,८४,४४४.९८ | ९,६८,९५०.०० |
| ११ | कुल जम्मा व्यय | ३,०६,४७,५००.०० | ३,६३,३९,४५०.७४ | ३,२९,६६,४५०.०० |
| १२ | शुद्ध बचत (नाफा) | ८६,७२,०००.०० | - | ८७,२०,५५०.०० |
| | **कुल जम्मा** | **३,९३,१९,५००.००** | **३,६३,३९,४५०.७४** | **४,१६,८७,०००.००** |

## पूँजी तथा दायीत्व

| क्र. सं. | विवरण | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | शेयर पूँजी | ३,०५,००,०००.०० | २,९८,४५,२००.०० | ३,४०,००,०००.०० |
| २ | संस्थागत पूँजी (जगेडा कोष र घाटापुर्ती कोष) | २,००,००,०००.०० | १,८३,३३,३५८.५४ | २,४०,००,०००.०० |
| ३ | अन्य कोषहरु | ७०,००,०००.०० | १२,३३,५९२.०८ | ८०,००,०००.०० |
| ४ | बचत (निक्षेप) | २२,२६,००,०००.०० | २३,९५,५०,८७०.१२ | २६,७०,००,०००.०० |
| ५ | ऋण सुरक्षण कोष | ९५,००,०००.०० | १,६१,०७,५२९.१३ | १,०५,००,०००.०० |
| ६ | अल्पकालिन तथा दिर्घकालिन दायित्व | ४,००,०००.०० | २१,५८,२४९.३६ | १५,००,०००.०० |
| ७ | बाह्य ऋण | १,५०,००,०००.०० | - | - |
| | जम्मा | ३०,५०,००,०००.०० | ३०,७२,२८,७९९.२३ | ३४,५०,००,०००.०० |

## सम्पत्ति तथा जायजेथा

| क्र. सं. | विवरण | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | नगद मौज्दात | ५०,०००.०० | १,०९,५५८.१८ | ५०,०००.०० |
| २ | बैंक मौज्दात | ४,५०,००,०००.०० | ५,५८,१४,२९१.२९ | ५,००,००,०००.०० |
| ३ | पाउनुपर्ने, धरौटी तथा सापटी | १२,००,०००.०० | २१,३३,७२३.६७ | १०,००,०००.०० |
| ४ | ऋण लगानी हिसाब | २४,५६,५०,०००.०० | २०,८०,९२,०४३.४९ | २५,१५,००,०००.०० |
| ५ | लगानी हिसाब | ३०,००,०००.०० | ३,७६,१७,६५०.९६ | ३,१८,००,०००.०० |
| ६ | स्थिर सम्पत्ति | १,००,००,०००.०० | ३२,८६,८३४.२२ | १,०५,००,०००.०० |
| ७ | खर्च हुने सामाग्री मौज्दात | १,००,०००.०० | १,७४,६९७.४२ | १,५०,०००.०० |
| | जम्मा | ३०,५०,००,०००.०० | ३०,७२,२८,७९९.२३ | ३४,५०,००,०००.०० |

## बाल बचत योजनाको सदस्य हुन आवश्यक पर्ने कागजातहरू

- *बालकको अभिभावक स्वयम् उपस्थित भई निवेदनका साथ आवेदन फारम भर्नुपर्ने,*
- *अभिभावक अनिवार्य रुपमा सो सहकारी संस्थाको शेयर सदस्य बनेको हुनुपर्ने,*
- *बालकको जन्मदर्ताको प्रमाण-पत्रको फोटोकपी पेश गर्नुपर्ने,*
- *सम्भव भए बाल बचत योजनामा सामेल हुने बच्चाको पासपोर्ट साइजको फोटो १ प्रति ।*
- *संस्थाको विनियमअनुसार सदस्यता बन्न आवश्यक रकम*

## आर्थिक प्रतिवेदन २०८१ सँग सम्बन्धित अनुसूचीहरू:

**अनुसूची-१: ब्याज आम्दानी**

| क्र. सं. | विवरण | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | ऋण लगानीबाट ब्याज आम्दानी | ३,४५,००,०००.०० | २,९६,८३,३३९.८९ | ३,६०,५०,०००.०० |
| २ | राष्ट्रिय सहकारी बैंकबाट ब्याज आम्दानी | ९,००,०००.०० | ४,९७,९०४.३० | ८,००,०००.०० |
| ३ | नेफ्स्कुनबाट ब्याज आम्दानी | १२,००,०००.०० | ११,६९,६९८.९८ | ११,००,०००.०० |
| ४ | कमर्सियल बैंकबाट ब्याज आम्दानी | १२,०००.०० | ३६,२५५.२८ | ५०,०००.०० |
| ५ | जिल्ला बचत संघबाट ब्याज आम्दानी | १,०००.०० | - | १,०००.०० |
| ६ | मुद्धती बचतबाट ब्याज प्राप्त | ८,५०,०००.०० | २३,६०,२०५.४८ | १८,००,०००.०० |
| | **जम्मा** | ३,७४,६३,०००.०० | ३,३७,४७,४०३.९३ | ३,९८,०१,०००.०० |

**अनुसूची-२: लाभांश आम्दानी**

| क्र. सं. | विवरण | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | नेफ्स्कुनबाट लाभांश आम्दानी | २,४०,०००.०० | - | १,५०,०००.०० |
| २ | राष्ट्रिय सहकारी बैंकबाट लाभांश आम्दानी | १५,०००.०० | - | १५,०००.०० |
| ३ | राष्ट्रिय सहकारी बैंकबाट संरक्षित पूँजी फिर्ता कोषबाट आम्दानी | १६,५००.०० | २,६०९.४३ | २०,०००.०० |
| ४ | नेफ्स्कुनबाट संरक्षित पूँजी फिर्ता कोषबाट आम्दानी | ४०,०००.०० | - | ६०,०००.०० |
| | **जम्मा** | ३,११,५००.०० | २,६०९.४३ | २,४५,०००.०० |

**अनुसूची-३: अन्य सञ्चालन आम्दानी**

| क्र. सं. | विवरण | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | ऋण फाइल शुल्क | १२,००,०००.०० | १२,७२,७६०.५० | १२,५०,०००.०० |
| २ | सदस्यता शुल्क | ७०,०००.०० | ३३,२६०.०० | ६०,०००.०० |
| ३ | पासबुक विक्री | १५,०००.०० | ७,४९५.०० | १५,०००.०० |
| ४ | खाताबन्दी शुल्क | १५,०००.०० | १८,६४४.०५ | १५,०००.०० |
| ५ | ऋणबाट हर्जाना | २,००,०००.०० | ४,७२,१८०.७१ | २,५०,०००.०० |
| ६ | मासिक बचतबाट विलम्ब शुल्क | १५,०००.०० | ४१,१०१.०० | १५,०००.०० |

| क्र. सं. | विवरण | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|
| ७ | रेमिट्यान्स कमिशन तथा शुल्क आम्दानी | २५,०००.०० | २२,६७५.३४ | २५,०००.०० |
| ८ | सामाग्री सेवा शुल्क | - | ८५०.०० | १,०००.०० |
| ९ | विविध आम्दानी | ५,०००.०० | ७,२०,४७०.७८ | १०,०००.०० |
| | **जम्मा** | १५,४५,०००.०० | २५,८९,४३७.३८ | १६,४१,०००.०० |

## अनुसूची-४: कर्मचारी खर्च

| क्र. सं. | विवरण | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|
| १ | तलब तथा भत्ता खर्च | २८,५०,०००.०० | २५,४१,५६२.०० | ३०,००,०००.०० |
| २ | प्रशिक्षार्थी (इन्ट्र्नसिप) तलब | १,००,०००.०० | - | - |
| ३ | पर्व खर्च | २,००,०००.०० | १,९१,९२५.०० | २,५०,०००.०० |
| ४ | बिदा सञ्चित खर्च | १,५०,०००.०० | १,६४,२४८.५६ | १,७५,०००.०० |
| ५ | बिहानी सेवा (अतिरिक्त समय) खर्च | १,८०,०००.०० | १,२९,५३८.३७ | १,५०,०००.०० |
| ६ | सामाजिक सुरक्षा कोष खर्च | ५,२५,०००.०० | ३,९३,०३०.४० | ४,००,०००.०० |
| ७ | पोषाक खर्च | ८०,०००.०० | ८०,०००.०० | ८०,०००.०० |
| ८ | व्यवस्थापकीय सञ्चार खर्च | ८०,०००.०० | ७२,०००.०० | ८०,०००.०० |
| | **जम्मा** | ४१,६५,०००.०० | ३५,७२,३०४.३३ | ४१,३५,०००.०० |

## अनुसूची-५: (सुशासन तथा कार्यक्रमिक खर्च)

| क्र. सं. | विवरण | कार्यक्रम | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | रणनीतिक योजना तथा वार्षिक योजना निर्माण | रणनीतिक व्यवसायीक योजना र वार्षिक योजना निर्माण कार्यक्रम | ३०,०००.०० | - | २०,०००.०० |
| २ | समिक्षा गोष्ठी | समिति तथा उपसमितिबाट संयुक्त रुपमा ३ पटक गर्ने | ७५,०००.०० | ३९,३६०.३४ | ६०,०००.०० |
| ३ | सामाजिक कार्यक्रम | सामाजिक उत्तरदायित्व अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्ने | ५०,०००.०० | १५,०००.०० | ३०,०००.०० |
| ४ | स्थापना दिवस तथा ज्येष्ठ सदस्य सम्मान | सहकारी स्थापना दिवस कार्यक्रममा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम राख्ने | १,५०,०००.०० | १,२४,२१४.०० | २,००,०००.०० |
| ५ | सहकारी दिवस | सदस्यहरु सहित संस्थाको प्रतिनिधित्व गर्दै आयोजित कार्यक्रममा सहभागिता | २०,०००.०० | - | २०,०००.०० |

| क्र.सं. | विवरण | कार्यक्रम | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|---|
| ६ | साधारण सभा खर्च | साधारण सभामा उपस्थित सदस्यको यातायात खर्च तथा अन्य व्यवस्थापन | १७,५०,०००.०० | १३,२२,७४२.०० | १७,५०,०००.०० |
| ७ | बैठक खर्च | विभिन्न समिति तथा उपसमितिको बैठकमा प्रति बैठक प्रति व्यक्ति रु. एक हजारका दरले | ३,३५,०००.०० | २,६८,०००.०० | ३,२५,०००.०० |
| ८ | कर्मचारी क्षमता अभिवृद्धि र तालिम | विषगयत तालिम तथा अन्य खर्च | ७०,०००.०० | ५०,५७०.०० | ८०,०००.०० |
| ९ | सञ्चालक क्षमता अभिवृद्धि र तालिम | सञ्चालक सञ्चालकको क्षमता अभिवृद्धि तथा विषयगत तालिम | ८०,०००.०० | ४२,०८०.०० | ८०,०००.०० |
| १० | सदस्यहरुको सर्भेक्षण एवं तालिम | शेयर सदस्यहरुको सर्वेक्षण गरी आवश्यकताको आधारमा विभिन्न व्यवसायिक तथा सिपमूलक तालिम | १,५०,०००.०० | - | |
| ११ | स्तरीकरण कार्यक्रम | प्रोवेशन कार्यक्रम नवीकरण र रिभ्यु आयोजना खर्च | ७५,०००.०० | ५०,०००.०० | १,००,०००.०० |
| १२ | महिला तथा बालबालिका सम्बन्धी कार्यक्रम | सञ्चालक समिति र उपसमितिको संयुक्त बैठकबाट निर्णय गरी सञ्चालन गर्ने | ८०,०००.०० | २९,९९१.५४ | ८०,०००.०० |
| १३ | आन्तरीक तथा बाह्य लेखा परीक्षण | आन्तरिक लेखा परीक्षण र बाह्य लेखा परीक्षण वापतको खर्च | १,१०,०००.०० | ८४,७५०.०० | १,५०,०००.०० |
| १४ | पुरस्कार तथा सम्मान खर्च | उत्कृष्ट सदस्य पुरस्कार र विभिन्न कार्यक्रम पुरस्कार | ५०,०००.०० | ४८,३५०.०० | ६०,०००.०० |
| १५ | सदस्य राहत | मृतक सदस्य परिवार राहत र अन्य विपद वापत राहत कोषमा | २,६५,०००.०० | २,६५,०००.०० | २,७०,०००.०० |
| १६ | सञ्चालक सञ्चार तथा ईन्धन खर्च | सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उपसमितिहरुका लागि आवश्यकता बमोजिम सञ्चार तथा ईन्धन खर्चका लागि | १,५०,०००.०० | २०,०००.०० | ७५,०००.०० |
| १७ | सदस्यता विस्तार तथा समुदाय केन्द्रित कार्यक्रम | टोलटोलमा जनकल्याण कमिटी निर्माण तथा सदस्यता विस्तार अभियान सञ्चालन | १,००,०००.०० | - | |
| १८ | दैनिक भ्रमण भत्ता | संस्थागत कार्यक्रममा सहभागी हुन जाँदा वापतको दैनिक भ्रमण भत्ता र यातायात खर्च | १,००,०००.०० | ८८,७६७.०० | १,५०,०००.०० |
| **जम्मा** | | | ३६,४०,०००.०० | २४,४८,८२४.८८ | ३४,५०,०००.०० |

अनुसूची-६: (बजारीकरण खर्च)

| क्र. सं. | विवरण | कार्यक्रम | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | बजार सर्वेक्षण | प्रत्येक ३ महिनामा ४ पटक बजार सर्वेक्षण गर्ने प्रतिवेदन सहित | १०,०००.०० | - | २०,०००.०० |
| २ | विज्ञापन लेख | रेडियो तथा पत्रिकामा सूचना प्रकाशन प्रसारण | १०,०००.०० | १०,०००.०० | १०,०००.०० |
| ३ | प्रर्वद्धन सामाग्री खर्च | संस्थाको वृत्तचित्र, श्वेतपत्र तथा सदस्य शिक्षाका लागि आवश्यक सामाग्री निर्माण, प्रकाशन तथा प्रचारप्रसार | २०,०००.०० | १५,६६५.०० | ४०,०००.०० |
| जम्मा | | | ४०,०००.०० | २५,६६५.०० | ७०,०००.०० |

अनुसूची-७: (अन्य प्रशासनिक तथा सञ्चालन खर्च)

| क्र. सं. | विवरण | कार्यक्रम | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | नेट तथा वेभ नवीकरण | वेभ साईट तथा इन्टरनेट नवीकरण तथा सञ्चालन | ६५,०००.०० | ३०,४५०.०० | ५०,०००.०० |
| २ | स्टेसनरी तथा मसलन्द एवं छपाई तथा प्रकाशन | संस्था सञ्चालनका लागि आवस्यक स्टेसनरी तथा मसलन्द एवं विविध प्रकाशन तथा कार्यालय सामाग्री छपाईका लागि | ३,७५,०००.०० | २,१२,५९९.३६ | ३,५०,०००.०० |
| ३ | बिमा | भल्ट, काउण्टर र अन्य बिमा | ३०,०००.०० | - | ५०,०००.०० |
| ४ | सूचना तथा विधुत र पानी | कार्यालय टेलिफोन, विद्युत र खानेपानी | ८०,०००.०० | ६७,३७५.०० | ८०,०००.०० |
| ५ | अपलेखन तथा नखप्ने सामान | बोर्ड तथा अन्य सामान | १०,०००.०० | - | १०,०००.०० |
| ६ | खाजा नास्ता | विभिन्न बैठक तथा गोष्ठीहरुमा खाजा खर्च र अतिथि सत्कार | २०,०००.०० | २०,०००.०० | ३५,०००.०० |
| ७ | पत्रपत्रिका | दैनिक, राष्ट्रिय पत्रपत्रिकाहरु खरिद | ७,५००.०० | ४,८००.०० | ७,५००.०० |
| ८ | मर्मत खर्च | कार्यालयको विविध मर्मत खर्च | २०,०००.०० | २०,०००.०० | ४०,०००.०० |
| ९ | ईन्धन खर्च | कार्यालयका लागि ईन्धन खर्च | २५,०००.०० | २०,८७५.०० | ३०,०००.०० |
| १० | ढुवानी तथा ज्याला | कार्यालय मालसामान ओसार पसारका लागि | ५,०००.०० | १,०२०.०० | ५,०००.०० |

| क्र. सं. | विवरण | कार्यक्रम | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|---|
| ११ | सफ्टवेयर नवीकरण तथा सञ्चालन | सफ्टवेयर, एसएमएस र मोवाईल बैंकिङ | १,५०,०००.०० | १,१६,५१८.६५ | ३,००,०००.०० |
| १२ | बाह्य ऋणमा सेवा शुल्क र मुल्याङ्कन | बाह्य ऋण प्राप्तीका लागि आवश्यक धितो मुल्याङ्कन तथा सेवा शुल्क | ५०,०००.०० | - | - |
| १३ | शुल्कहरु भुक्तानी | रेमिट्यान्स, सदस्यता नवीकरण, बैंक चार्ज तथा अन्य शुल्कहरु | २५,०००.०० | २५,०३०.०० | ४०,०००.०० |
| १४ | कार्यालय व्यवस्थापन खर्च | सुरक्षा तथा सरसफाई सम्बन्धी र अन्य सामाग्री खरिद खर्च | १५,०००.०० | १५,०००.०० | २५,०००.०० |
| १५ | विविध | भैपरि आउने खर्च तथा नपुग रकमान्तर | २५,०००.०० | २४,८०९.०० | २०,०००.०० |
| | जम्मा | | ९,०२,५००.०० | ५,५८,४७७.०१ | १०,४२,५००.०० |

## सम्पत्तिजन्य सामाग्री खरिद योजना

| क्र. सं. | विवरण | कार्यक्रम | आ.व. ०८०/०८१ को प्रस्तावित | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | फर्निचर जन्य सामाग्री खरिद | फायर प्रुफ दराज र अन्य फर्निचर जन्य सामाग्री खरिद तथा निर्माण | २,५०,०००.०० | १५,९५०.०० | ३,००,०००.०० |
| २ | भवन निर्माण | संस्थाको नयाँ भवन निर्माण तथा सभाहल निर्माण | ६०,००,०००.०० | ११,००,०००.०० | ४९,००,०००.०० |
| ३ | कार्यालय उपकरण खरिद | सि.सि. क्यामराको क्षमता वृद्धि तथा अन्य कार्यालय उपकरण खरिद | ३,५०,०००.०० | १,६९,०००.०० | ३,५०,०००.०० |
| | जम्मा | | ६६,००,०००.०० | १२,८४,९५०.०० | ५५,५०,०००.०० |

*आदरणीय शेयर सदस्य महानुभावहरु,*

अन्त्यमा, यस संस्थाको आ.व. ०८०/०८१ को वित्तीय कारोबार र आ.व. ०८१/०८२ को प्रस्तावित बजेट धैर्यताका साथ सुनिदिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी वर्षहरुमा पनि शेयर सदस्यहरुको सम्पत्ति सुरक्षा र संस्थालाई व्यवसायिक बनाउन सदा तत्पर रहने साथै यहाँहरुको सेवामा आफ्नो बलबुताले भ्याएसम्म खटिरहने बाचा गर्दछु । उपस्थित सम्पूर्णमा जीवनको हर पाइलामा उन्नती प्रगतिको शुभकामना दिंदै सम्पूर्ण शेयर सदस्य ज्यूहरुमा प्रस्तुत गरिएको प्रगति प्रतिवेदन अनुमोदन र आ.व. ०८१/०८२ को प्रस्तावित बजेट पारित गरिदिनहुन अनुरोध गर्दछु ।

*धन्यवाद ! जय सहकारी !! जय जनकल्याण !!!*

**शेर बहादुर शाही**
कोषाध्यक्ष

## २९ औँ वार्षिक साधारण सभामा प्रस्तुत

# लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन

## २०८१



**जस बहादुर नेपाली**

यस २९ औं वार्षिक साधारण सभाका अध्यक्ष ज्यू, कार्यक्रमको गरिमा बढाउन पाल्नु भएका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, सञ्चालक समिति तथा उपसमितिका पदाधिकारी ज्यूहरु तथा यस साधारणसभालाई पूर्णता दिन उपस्थित हुनुभएका संस्थाका आदरणीय शेयर सदस्य ज्यूहरु, पत्रकार ज्यूहरु, व्यवस्थापन समूहका मित्रहरु, संचारकर्मी साथीहरु र अन्य महानुभावहरु,

संस्थाको २९ औ साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण महानुभाव ज्यूहरुमा लेखा सुपरिवेक्षक समितिका तर्फबाट स्वागत एवं सहकारी अभिभावदन व्यक्त गर्न चाहान्छौं ।२८ औं साधारण सभाले हामीलाई लेखा सुपरिवेक्षण समितिमा निर्वाचित गरी संस्थाको आन्तरिक लेखा व्यवस्थापनलाई नियमित र बैज्ञानिक ढंगबाट अनुगमन निरिक्षण गरी आवश्यक सुझाव सल्लाह दिई संस्थाको लेखा प्रशासनलाई व्यवस्थित गर्न सहयोग पुर्याउने जिम्मेवारी दिइएकोमा सो जिम्मेवारीलाई सहर्ष आत्मसाथ गरी शेयर सदस्य ज्यूहरुको मर्म भावना तथा प्रचलित ऐन नियम, कानून एवं सहकारी सिद्धात मूल्य मान्यता बमोजिम संस्थाको सुशासन एवं दिगो विकासको लागि यस समितिको तर्फबाट आवश्यकता अनुसार सक्रिय रुपमा भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दछौं ।

*आदरणीय शेयर सदस्य महानुभावहरु*

सहकारी समूदायमा आधारित स्थानीय जनताको सहभागितामूलक संस्था हो । सहकारीहरुको स्पष्ट एवं पारदर्शी नीति समाज एवं सदस्यहरुको हितमूलक कार्यक्रम तथा बजेट विनियोजनका साथ सञ्चालनमा आएको सहकारीले सदस्यहरुलाई सहयोग एवं सचेत गर्ने तथा समाज विकासमा महत्त्वपूर्ण योगदान गर्दछ । सहकारीको उद्देश्य पूर्णताको लागि सदस्यहरुको समस्या गुनासो आवश्यकताको पहिचान पहिलो प्रयास हुनुपर्दछ । नेपाल सरकारको ३ खम्बे अर्थनीति अनुरुप राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण एउटा खम्बाको रुपमा स्थापित सहकारी क्षेत्रलाई सुव्यवस्थित र सक्षम गर्ने कार्यमा यस जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले सहकारीको दिगो परिकल्पना लाई साकार पार्ने सोच र लक्ष्य अनुरुप कार्य गरिरहेको छ । संस्थाले समाजिक उत्तरदायित्व सहितको विभिन्न सेवा प्रदान गरिरहेको छ । संस्थाले सञ्चालन गरिरहेका कार्यक्रमहरुलाई सहकारी सिद्धान्त, मूल्य मान्यता, भावना तथा वर्तमान सहकारी ऐन नियमावली एवं संस्थाको विनियम र नीति तथा कार्यविधी अनुसार सदस्यको आवश्यकता अनुसार संस्थालाई अग्रगती प्रदान गर्न लेखा सुपरिवेक्षण समितिले आवश्यक सुझाव सहित रचनात्मक भूमिका निर्वाह गरिरहेको कुरा यहाँहरुलाई विश्वास दिलाउन चाहान्छौं । लेखा सुपरिवेक्षक समितिको विभिन्न मितिमा बसेको बैठकको निर्णयबाट दिइएका सुझावहरु संस्थाको विनियम नीति कार्यविधिहरु र सहकारी ऐन नियम र मापदण्ड

अनुसार संस्थाका कार्यक्रमहरु सञ्चालनका सम्बन्धमा निम्नानुसारको संरचनामा तयार गरिएको प्रतिवेदन यस सम्मानित साधारण सभामा पेश गरेका छौं ।

**आन्तरिक लेखापरीक्षणका क्रममा लेखा सुपरिवेक्षण समितिको तर्फबाट अवलम्बन गरिएका विधिहरूः**

## १. निर्णय पुस्तिकाको अध्ययनः

साधारणसभा, सञ्चालक समिति, विभिन्न उपसमिति तथा कार्यदलका निर्णय पुस्तिकाहरुको अध्ययन गरी पाइएका त्रुटिहरु सुधारका लागि सुझाव दिने कार्य भएको ।

## २. ऋण प्रभावको विषयमा अध्ययन र विश्लेषणः

संस्थाबाट लगानी गरिएको ऋण विषयमा अध्ययन जस्तै भौचर, सदस्यहरुलाई विभिन्न कार्यमा लगानी गरिएको कर्जाको गुणस्तर पहिचानका लागि निरिक्षणका क्रममा ऋण व्यवस्थित तालिकाको अध्ययन, ऋणीहरुको फाइलमा रहेका कागजपत्रहरुको अध्ययन, नमुना छनौटको आधारमा परियोजना र धितो निरिक्षण समेत अध्ययन र विश्लेषण गरी पाइएका कमी कमजोरी र सुधारको लागि आवश्यक सुझाव प्रदान गरिएको ।

## ३. आर्थिक सुशासन तथा पारदर्शिताको अध्ययनः

संस्थाको तर्फबाट गर्नुपर्ने भुक्तानीको नियमितता पुरा भए नभएको, खर्चको क्रममा पारित बजेटको सीमा पालन गरिएको वा नगरिएको प्रचलित ऐन नियम कानून संस्थाको आर्थिक नीति कार्यविधि पालना गरे नगरेको बैंक हिसाब मिलान गरे नगरेको जनरल भौचर र सो सँग सम्बन्धित बिल भरपाइ र कागजातहरुको सपरीक्षण गरिएको ।

## ४. सम्पत्ति सामानहरुको विषयमा अध्ययनः

संस्थाको कार्य प्रयोजनका लागि खरिद गरिएका सम्पत्ति तथा सामानहरुको अभिलेख व्यवस्थित भए नभएको अभिलेख अनुसार सामानहरु संस्थामा भए नभएको भौतिक सम्पत्तिहरुको उचित प्रयोग भए नभएको विषयमा अध्ययन र निरिक्षण गरिएको ।

## ५. कार्यालयको सरसफाई, सामानको सजावट (लेआउट) को अध्ययनः

कार्यालय भित्रका फर्निचर सामान, फाइल, कागजात, रजिष्ट्रार, यन्त्र उपकरणहरु ठिक अवस्था तथा उचित प्रयोगको अध्ययन गरी उचित सर-सल्लाह दिइएको ।

## ६. भल्ट चेक गर्ने कार्य गरेकोः

संस्थाको कार्यलयमा रहेको नगदी कोष (भल्ट) चेक गरी भल्टमा भएको नगद तथा अभिलेख मिलान गरी हेर्ने काम गरिएको ।

## ७. पुर्व आन्तरिक लेखापरीक्षणको अध्ययन र अनुसरणः

संस्थाको लेखा सुपरिवेक्षण समितिले अघिल्लो आर्थिक वर्षहरुमा संस्थागत विकासमा थप टेवा पुऱ्याउनको लागि प्रदान गरिएको सल्लाह सुझावलाई व्यवस्थापन पक्षबाट कार्यान्वयन भए नभएको विषयमा समेत अध्ययन र विश्लेषण गरी पुनः सल्लाह सुझाव दिनुपर्ने अवस्था देखिएको विषयमा थप सल्लाह सुझाव प्रदान गरिएको ।

## ८. संस्थाले आयोजना गरेका विभिन्न संयुक्त बैठकहहरुको अभिलेखः

संस्थाको सञ्चालक समिति तथा व्यवस्थापक र अन्य कर्मचारी लगाएत विभिन्न विषयमा सरोकारवाला निकायसंग संस्थागत विकासको लागि आयोजना गरिएका विभिन्न कार्यक्रमसंग सम्बन्धित कागजपत्रहरुको अध्ययन तथा भएका निर्णयहरु र निर्णय कार्यान्वयनको अवस्थाबारे विश्लेषण गरी आवश्यक सल्लाह सुझाव प्रदान गरिएको ।

*आदरणीय शेयर सदस्य महानुभावहरु,*

यस सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण तथा अनुगमनका क्रममा आ.व. ०८०।०८१ मा लेखा सुपरिवेक्षण समितिको वैठक निम्नानुसार सम्पन्न भएका छन् ।

| क्र.सं. | मिति | अवधि | उपस्थिति विवरण |
|---|---|---|---|
| १. | २०८०/९/९ | २०८०/९/९ देखि २०८०/९/११ सम्म | १०० प्रतिशत |
| २. | २०८०/१२/२१ | २०८०/१२/२१ देखि २०८०/१२/२३ सम्म | १०० प्रतिशत |
| ३. | २०८१/१/१४ | २०८१/१/१४ देखि २०८१/१/१६ सम्म | १०० प्रतिशत |
| ४. | २०८१/३/७ | २०८१/३/७ देखि २०८१/३/८ सम्म | १०० प्रतिशत |
| ५. | २०८१/५/३ | २०८१/५/३ गते (०८०/०८१ असार मसान्त सम्मको) | १०० प्रतिशत |

सोहि अवधिमा समितिको तर्फबाट भएको अध्ययनबाट प्राप्त सूचना र जानकारीलाई सारांशमा निम्नानुसार उल्लेख गरेका छौं ।

१. संस्थाको नाम र ठेगाना: जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि., वी.न.न.पा. १, सुर्खेत ।
२. सञ्चालक समितिको बैठक संख्या, बैठक भत्ता सुविधा र निर्णय कार्यान्वयनको अवस्था: बैठक संख्या २५, निर्णय संख्या १४९, बैठक भत्ता सुविधा १५ बैठक र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको ।
३. सञ्चालक संख्या: ११ जना (१ जना रिक्त रहेको)

४. ऋण लगानीको प्रक्रिया र धितो सुरक्षण सम्बन्धी व्यवस्था: व्यवस्थित र सुरक्षित रहेको ।
५. ऐन, नियम, कानून र मापदण्ड परिपालनाको अवस्था: पालना भैरहेको ।
६. आर्थिक सुशासन र पारदर्शिता: सन्तोषजनक देखिएको ।
७. सम्पत्ति सामानको सुरक्षा र सदुपयोगिता: सन्तोषजनक देखिएको ।
८. कार्यकक्षको आकर्षण र सजावट: सन्तोषजनक देखिएको ।
९. मानव संसाधन व्यवस्थापन नीति: भएको/कार्यान्वयनमा आएको ।
१०. कर्मचारी भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी भए नभएको: भएको ।
११. कर्मचारी र कार्यबोझको अवस्था: तादम्यता नरहेको (कर्मचारी अभाव/कार्यबोझ बढी रहेको)।
१२. कर्मचारी संख्या: ८ जना
१३. सञ्चालक समिति अध्यक्षको सेवा सुविधाः प्रति बैठक भत्ता रकम- रू. १,०००।- (२०८० बैशाख देखि २०८० (फागुन सम्म बैठक भत्ता नलिएको २०८० फागुन देखि पुन भत्ता सुविधा लिएको।)
१४. व्यवस्थापन समूहको सेवा सुविधाहरु:

| क्र.सं. | कर्मचारीको नाम | पद | तह | तलबमान |
|---|---|---|---|---|
| १ | खुमलाल न्यौपाने | निवर्तमान व्यवस्थापक | छैठौ | ४३६८९।०० |
| २ | तिलक राज आचार्य | ऋण प्रमुख | चौथो | ३२९०२।०० |
| ३ | समिर धमाला | प्रशासन प्रमुख | चौथो | ३२९०२।०० |
| ४ | लक्ष्मी फौजा | ब. लेखा सहायक | तेस्रो | २५०००।०० |
| ५ | सृजना कुमारी लिम्बु | ऋण सहायक | दोस्रो | २१०००।०० |
| ६ | टेकराज भण्डारी | फिल्ड सहायक | प्रथम | १८०००।०० |
| ७ | कृष्णा खत्री | कार्यालय सहयोगी | श्रेणीविहिन | २४३८०।०० |

माथि उल्लेखित तलब रकममा नियमानुसारको ग्रेड तथा सामाजिक सुरक्षा कोष थप गरिएको ।

१५. लेखा सुपरिवेक्षण समितिले दिएका सुझावहरु कार्यान्वयनको अवस्था: कार्यान्वयन भैरहेको ।
१६. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु:

## संस्थाले कार्यसम्पादनमा देखिएका राम्रा पक्षहरूः

- संस्थाको आन्तरिक लेखापरीक्षण मार्फत प्रदान गरिएका सल्लाह सुझावहरुलाई धेरै भन्दा धेरै कार्यान्वयन गरेको पाइयो ।
- संस्थाको आर्थिक नीति, नियम अनुसार संस्था व्यवस्थापन गरेको पाइयो ।
- सम्पूर्ण कारोबार वैज्ञानिक प्रणाली अनुसार अभिलेखीकरण गरेको र सफट्वेयर क्लाउड सर्भरमा सुरक्षित गरेको पाइयो ।

- संस्थाको कागजपत्रहरु व्यवस्थित र आवश्यकता अनुसार सहजै प्राप्त गर्न सकिने गरी व्यवस्थापन गरेको पाइयो ।
- प्रतिदिन भएका कारोबार सोही दिनमै प्रविष्ट गरिएको पाइयो ।
- कोपोमिसको पूर्ण रुपमा प्रयोग र अध्यावधिक भएको पाइयो ।
- सहकारी विभाग, अभियान तथा सम्बन्धित निकायको मार्गदर्शन तथा निर्देशनहरु तथा ऐन नियमको परिपालना गरेको पाइयो ।
- कर्मचारीको कार्यसम्पादनमा दक्षता अभिवृद्धि भएको पाइयो ।
- कर लगाएतका तिर्नु तथा बुझाउनु पर्ने दायित्व रकम समयमै बुझाएको पाइयो ।
- सम्बन्धित निकायमा पेश गर्नुपर्ने प्रतिवेदनहरु समयमै पेश भएको र अभिलेखीकरण गरेको पाइयो ।
- संस्थासंग सम्बन्धित विभिन्न जानकारी, सूचना, क्रियाकलापहरुलाई विद्युतीय सामाग्री तथा सामाजिक सञ्जालहरु मार्फत सबैलाई जानकारी गराउने गरेको पाइयो ।
- संस्थाको आवश्यकतानुसार विभिन्न नीति तथा निर्देशिका साथै कार्यक्रमहरु तयार गर्दा सहभागितामूलक छलफल गरी प्राप्त सल्लाह सुझावलाई समेत समायोजन गरी निर्माण गरेको पाईयो ।

## लेखा सुपरिवेक्षण समितिका तर्फबाट दिएका सुझावहरू:

- संस्थाद्वारा आयोजित विभिन्न तालिम गोष्ठीहरुमा प्रशिक्षक सेवा सुविधा संस्थाले प्रयोग गर्दा र सोही अनुसारको सेवा सुविधा प्रदान गर्दा संस्था र प्रशिक्षक बिच सम्झौता गरी सोही अनुसार गर्न गराउनको लागि अनुरोध गर्दछौं ।
- सहकारीको गतिविधिलाई शेयर सदस्य तथा सरोकारवाला निकायलाई जानकारी गराउनको लागि निर्माण गरिएका प्रविधि जस्तै मोवाइल एप्स वेभसाइटलाई सबै शेयर सदस्यहरुलाई अभिमुखीकरण गर्नुका साथै वेभसाईटलाई निरन्तर अध्यावधिक गर्नुपर्ने सुझाव पेश गरिएको छ ।
- गत वर्षहरुमा भन्दा यस सहकारी संस्थाको आर्थिक क्रियाकलाप तथा अन्य भैपरी आउने कार्यहरुको पनि विकास र विस्तार भै रहेको हुँदा संस्थाको स्तर वृद्धि लाई सहयोग पुग्ने किसिमका कार्यहरु सबै पक्ष बाट हुन सुझाव दिएको छ । जस्तै संस्थाको सञ्चालक समितिका निर्णयहरुले संस्थाको प्रगति हुने कार्यमा प्रत्येक बैठकमा सोच्नु पर्ने ।
- व्यवस्थापक लगायत सबै कर्मचारीहरुको कार्य दक्षतामा पनि पहिलाको भन्दा स्तरीय ढंगले काम गर्ने शैलीको विकास हुनुपर्ने ।
- कर्मचारीहरुको कार्य स्तरको वृद्धि गराउनका लागि आलोपालो ढंगले कर्मचारीहरुलाई तोकिएको कार्यसंग सुहाउँदो खालको तालिम दिने विषयमा पनि संस्थाले सोच्नुपर्ने देखिन्छ ।
- साधारण सभाबाट अनुमोदन गराउनुपर्ने विषय तथा सञ्चालक समिति मार्फत अनुमोदन गराउनु पर्ने विषयमा राम्रोसंग ध्यान दिई अनुमोदन गराएर मात्र कार्यक्रमहरु सञ्चालन गर्ने र खर्च लेख्ने कार्य गर्नुहुन सुझाव दिइएको छ ।

- समय अनुसार सहकारीले आर्थिक तथा सामाजिक विकास शेयर सदस्यको सम्पत्तिको उचित व्यवस्थापन र परिचालन साथै पारदर्शिता र जवाफदेहिता कायम गर्दै दिन प्रतिदिन आफ्नो कार्यकुशलतालाई विस्तार गर्दै गैरहेको र विभिन्न क्षेत्रबाट सम्मान तथा पुरस्कृत हुँदै आईरहेको हुँदा आगामी दिनमा संस्थालाई थप आर्थिक विकास र संस्थाको कार्यक्षेत्रलाई विस्तार र व्यवस्थापनको महत्त्वपूर्ण योजनाका साथ अघि बढाउनको लागि हार्दिक अनुरोध गर्दछौं ।
- अन्त्यमा सहकारी संस्थालाई अग्रपंक्तिमा सञ्चालन गर्नका लागि सञ्चालक पदाधिकारीहरु र व्यवस्थापन पक्षमा कार्य गर्ने मानिसहरुले संस्थाका शेयर सदस्यहरुको हितलाई ध्यानमा राखी सहकारी संस्थामा मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता जस्ता महत्त्वपूर्ण कुराहरुलाई ध्यानमा राखेर कार्य गर्नुहुन सुझाव प्रदान गरिएको छ ।

<u>लेखा सुपरिवेक्षण समिति</u>
संयोजकः **जस बहादुर नेपाली**
सदस्यः **राकेश पौडेल**
सदस्यः **ईन्द्र प्रसाद चापागाई**

## ऋण माग गर्दा पेश गर्नु पर्ने आवश्यक कागजात

### बचत जमानतबाट ऋण माग गर्दा

**१. आफ्नो मात्र बचत जमानतबाट ऋण माग गर्दा**

१.१ ऋण निवेदन फारम ।
१.२ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
१.३ निरन्तर रुपमा नियमित बचत गरेको हुनुपर्ने ।

**२. आफ्नो र अन्य शेयर सदस्यहरुको बचत जमानतबाट ऋण माग गर्दा**

२.१ ऋण निवेदन फारम ।
२.२ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
२.३ निरन्तर रुपमा नियमित बचत गरेको हुनुपर्ने ।
२.४ बचत धितो जमानत दिनेको मन्जुरीनामा (कार्यालयमा उपस्थित हुनपर्ने) ।
२.४ बचत धितो जमानत दिनेको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

**३. घर जग्गा धितो जमानतबाट ऋण माग गर्दा**

३.१ ऋण निवेदन फारम ।
३.२ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
३.३ निरन्तर रुपमा नियमित बचत गरेको हुनुपर्ने ।
३.४ धितो जमानत राख्ने घर जग्गाको ब्लू प्रिन्ट तथा ट्रेस नक्सा ।
३.५ चालु आ.व. को तिरो तिरेको रसिद ।
३.६ धितो जमानत राख्ने घर जग्गाको चार किल्ला प्रमाणित ।
३.७ बाटो भए सम्बन्धित वडा कार्यालयको बाटो प्रमाणित प्रमाण ।
३.८ व्यापार/व्यवसाय दर्ताको प्रमाण पत्र ।
३.९ जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपी ।
३.१० पारिवारीक नाता प्रमाणित ।
३.११ पारिवारीक सहमति पत्र ।

**C. Acharya & Associates**

**Chartered Accountants** — **ICAN M. No.: 719**

**New Baneshwor, Kathmandu** — **COP No.: 595**

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्य महानुभावहरु समक्ष**
**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**१. लेखापरीक्षकको राय**

हामीले **जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.** को आषाढ ३१, २०८१ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव विवरण तथा सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखानीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले **जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.** को आषाढ ३१, २०८१ को वितिय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

**२. रायको आधार**

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरु यस प्रतिवेदनको ***लेखापरीक्षकको जिम्मेवारी*** खण्डमा उल्लेख गरिएको छ । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पुरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रा राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

**३. वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवम् प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभुत किसिमले त्रुटि रहित वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पतिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरु खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ । संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेका छन् ।

**४. लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य भनेको समग्र वित्तीय विवरणहरु तथ्यको गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आस्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरिक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छन् र त्यसमा त्रुटीहरु जसले आर्थिक प्रयोगकर्ताहरुले सो विवरणलाई आधार मानी गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछन्, सोलाई प्राथमिकता दिइन्छ ।

C. Acharya & Associates
Kathmandu
Chartered Accountants

**Cell No.: 9858054000** **Email: chhabi.aacharya@gmail.com**

**लेखापरिक्षणको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु :**

- लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलस्त गरिएका कुराहरुको लेखापरीक्षणका प्रमाण प्राप्त गर्ने कार्यविधिहरु सम्पादन गरेका छौं । यसरी छनौट गरिएका कार्यविधिहरु लेखापरीक्षकको व्यवसायिक विवेकमा भर पर्दछन् । जोखिम मुल्यांकनका आधारमा सोको निर्धारण गरिन्छ ।
- उक्त जोखिम मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितामाथि राय व्यक्त गर्ने उद्धेश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यबिधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सही प्रस्तुतिकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणहरुको जानकारी प्राप्त गर्ने हुन्छ ।
- लेखापरीक्षणमा चालु संस्थाको रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभुत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेका अविछिन्नताको आधार उचित भएको निष्कर्ष निकालिन्छ । सारभुत अनिश्चितता रहेको निष्कर्ष भएमा, वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा रायलाई संशोधन गरिन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ । परन्तु भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहनपनि सक्दछ ।
- व्यवस्थापनले प्रयोग गरेको लेखानीतिको उपयुक्तता तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्ठीगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।
- व्यवस्थापनले तयार पारेको विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीयविवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ ।
- अन्य विषयका साथसाथै योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरु शासकीय कार्यभार वहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ ।
- स्वतन्त्रता सम्बन्धी नैतिक आवश्यकताहरुको पूर्ण रुपले पालना गरिएको छ भनी शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई जानकारी गराइन्छ ।
- शासकीय कार्यभार वहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्दछ, सो विषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ ।

उपरोक्त अनुसार हामीले परीक्षण गरेका वित्तीय विवरणहरुको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं :

क) लेखा परिक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टीकरणहरु उपलब्ध भएका छन् ।

ख) यस प्रतिवेदनसँग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण प्रचलित कानुनलाई पालना गरी तयार भएका छन् र संस्थाले राखेका हिसाब किताबसँग दूरुस्त रहेका छन् ।

ग) हामीले लेखा परीक्षण गरेका श्रेष्ताहरुको आधारमा संस्थाको कारोवार सन्तोषजनक रहेको पाइयो ।

घ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परिक्षण गरेका श्रेस्ताहरुबाट संचालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौं ।

C. Acharya & Associates
Kathmandu
Chartered Accountants

सि. ए. छबिलाल आचार्य
सी. आचार्य एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

स्थान : सुर्खेत
मिति : २०८०।०५।२३

UDIN : 240908CA00719bNUnV

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**
**वीरेन्द्रनगर, सुर्खेत**
**वित्तीय स्थितिको विवरण**
**२०८१ आषाढ मसान्तसम्म**

रकम रु. मा

| विवरण | नोट | २०८१ आषाढ ३१ | पुन: स्थापित |
|---|---|---|---|
| | | | २०८० आषाढ ३१ |
| **सम्पत्ति** | | | |
| नगद तथा नगद सरह | ४.१ | ५,६२,४८,५०० | ३,८३,७५,८७६ |
| सदस्यलाई प्रदान गरिएको कर्जा सापटी | ४.२ | १९,१९,८४,५१४ | १९,२३,०६,३७५ |
| लगानी उपकरण | ४.३ | ३,७२,९३,००० | १,८२,९३,००० |
| चालु आयकर सम्पत्ति | ४.४ | १,३०,५९३ | ७३,५६० |
| सम्पत्ति तथा उपकरण | ४.५ | ३२,८६,८३४ | ३५,२३,१२४ |
| ख्याती तथा अभौतिक सम्पत्ति | | - | - |
| स्थगन कर सम्पत्ति | ४.६ | ६,३६,४१६ | ९,२४१ |
| अन्य सम्पत्ति | ४.७ | १५,४१,४१३ | ४,०९,७८४ |
| **कुल सम्पत्ति** | | २९,११,२१,२७० | २५,२९,९०,९६० |
| **दायित्व** | | | |
| निक्षेप | ४.८ | २३,९५,५०,८७० | १९,१६,४०,९२६ |
| ऋण सापटी | ४.९ | - | ९९,१६,४१४ |
| चालु आयकर दायित्व | ४.४ | - | - |
| नोक्सानी व्यवस्थाहरु | ४.१० | - | - |
| स्थगन कर दायित्व | ४.६ | - | - |
| अन्य दायित्वहरु | ४.११ | २१,५८,२४९ | १५,३९,९६५ |
| **कुल दायित्व** | | २४,१७,०९,११९ | २०,३०,९७,३०६ |
| **इक्विटी** | | | |
| शेयर पुँजी | ४.१२ | २,९८,४५,२०० | २,७०,६३,१०० |
| जगेडा कोष | | १,७४,२४,०३१ | १,६४,४८,९८२ |
| अन्य कोषहरु | ४.१३ | २१,४२,९२० | ६३,८१,५७१ |
| **कुल पुँजी** | | ४,९४,१२,१५१ | ४,९८,९३,६५४ |
| | | | |
| **कुल पुँजी तथा दायित्व** | | २९,११,२१,२७० | २५,२९,९०,९६० |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,

| खुमलाल न्यौपाने | शेरबहादुर शाही | मोहनदेव गिरी | महेन्द्रप्रसाद शर्मा | सि. ए. छबिलाल आचार्य |
|---|---|---|---|---|
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | सी. आचार्य एण्ड एशोसिएटस |
| | | | | चार्टर्ड एकाउन्टेन्टस |

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**
**वीरेन्द्रनगर, सुर्खेत**
**नाफा वा नोक्सान विवरण**
**२०८० श्रावण १ गतेदेखि २०८१ आषाढ मसान्तसम्मको**

रकम रु. मा

| विवरण | नोठ | आ.व. २०८०/०८१ | पुन:स्थापित आ.व. २०७९/०८० |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१४ | ३,३२,५०,८८७ | २,९७,४१,९५८ |
| ब्याज खर्च | ४.१५ | (१,९५,०९,०६७) | (१,७८,८१,९५२) |
| **खुद ब्याज आम्दानी** | | १,३७,४१,८२० | १,१८,६०,००६ |
| शुल्क तथा कमिशन आम्दानी | ४.१६ | १९,६२,२६३ | १८,६६,९८१ |
| शुल्क तथा कमिशन खर्च | ४.१७ | - | - |
| खुद शुल्क तथा कमिशन आम्दानी | | १९,६२,२६३ | १८,६६,९८१ |
| **खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी** | | १,५७,०४,०८३ | १,३७,२६,९८७ |
| खुद व्यापार आम्दानी | ४.१८ | - | - |
| अन्य सञ्चालन आम्दानी | ४.१९ | २,६०९ | २,६१,१६८ |
| **कुल सञ्चालन आम्दानी** | | १,५७,०६,६९३ | १,३९,८८,१५५ |
| कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता) | ४.२० | ८६,९८,९११ | १,५५,६०६ |
| **खुद सञ्चालन आम्दानी** | | ७०,०७,७८१ | १,३८,३२,५४९ |
| **सञ्चालन खर्च** | | | |
| कर्मचारी खर्च | ४.२१ | ३५,७२,३०४ | ३२,९०,२४७ |
| अन्य सञ्चालन खर्च | ४.२२ | ३०,३२,९६७ | ३२,६४,०८२ |
| ह्रासकट्टि र परिशोधन | ४.२३ | ४,४५,२४० | ४,९४,०४१ |
| **सञ्चालन मुनाफा** | | (४२,७३०) | ६७,८४,१७९ |
| गैर सञ्चालन आम्दानी | | - | - |
| गैर सञ्चालन खर्च | | - | - |
| **आयकर अघिको नाफा** | | (४२,७३०) | ६७,८४,१७९ |
| **आयकर खर्च** | ४.२४ | (४२,७३०) | २,९४,४६२ |
| चालु आयकर | | ५,८४,४४५ | ३,४३,१८३ |
| स्थगन कर (आम्दानी)/खर्च | | (६,२७,१७५) | (४८,७२१) |
| **खुद नाफा/(नोक्सान)** | | (०.००) | ६४,८९,७१७ |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,

| | | | | |
|---|---|---|---|---|
| खुमलाल न्यौपाने | शेरबहादुर शाही | मोहनदेव गिरी | महेन्द्रप्रसाद शर्मा | सि. ए. छबिलाल आचार्य |
| व्यवस्थापक | कोषाध्यक्ष | सचिव | अध्यक्ष | सी. आचार्य एण्ड एशोसिएट्स |
| | | | | चार्टर्ड एकाउन्टेन्ट्स |

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**
**वीरेन्द्रनगर, सुर्खेत**
**नाफा बाँडफाँड हिसाब**
**२०८० श्रावण १ गतेदेखि २०८१ आषाढ मसान्तसम्मको**

| विवरण | प्रतिशत | आ.व. २०८०/०८१ | पुन:स्थापित आ.व. २०७९/०८० |
|---|---|---|---|
| **खुद नाफा/(नोक्सान)** | | -0.00 | ६४,८९,७१७.१३ |
| **बाँडफाँड (१)** | १००% | -0.00 | ६४,८९,७१७.१३ |
| जगेडा कोष | २५% | - | १५,९९,३६१.८१ |
| बाँकि रकम | ७५% | -0.00 | ४८,९०,३५५.३२ |
| **बाँडफाँड (२)** | १००% | -0.00 | ४८,९०,३५५.३२ |
| संरक्षित पुँजी फिर्ता कोष | २५% | - | १२,२२,५८९.०० |
| सहकारी प्रबर्द्धन कोष | ०.५०% | - | २४,४५२.०० |
| बाँकि रकम | ७४.५०% | -0.00 | ३६,४३,३१४.३२ |
| **बाँडफाँड (३)** | १००% | -0.00 | ३६,४३,३१४.३२ |
| शेयर लाभाँस कोष | ६०% | - | २१,८५,९८९.०० |
| कर्मचारी बोनस कोष | १०% | - | ३,६४,३३१.०० |
| सहकारी शिक्षा कोष | ५% | - | १,८२,१६६.०० |
| घाटा पुर्ति कोष | ५% | - | १,८२,१६६.०० |
| सहकारी विकास कोष | ५% | - | १,८२,१६६.०० |
| स्थिरिकरण कोष | ५% | - | १,८२,१६६.०० |
| सामुदायिक विकास कोष | ५% | - | १,८२,१६६.०० |
| अन्य जोखिम कोष | ५% | - | १,८२,१६४.३२ |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वितिय विवरणहरुका अभिन्न अंग हुन

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,

खुमलाल न्यौपाने
व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. छबिलाल आचार्य
सी. आचार्य एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**
**वीरेन्द्रनगर, सुर्खेत**
**अन्य समष्ठिगत आम्दानीको विवरण**
**२०८० श्रावण १ गतेदेखि २०८१ आषाढ मसान्तसम्मको**

रकम रु. मा

| विवरण | नोट | आ.व. २०८०/०८१ | (पुन:स्थापित) आ.व. २०७९/०८० |
|---|---|---|---|
| **यस वर्षको नाफा** | | (०) | ६४,८९,७१७ |
| **आयकर पछिको अन्य समष्ठिगत आम्दानी** | | | |
| **क) नाफा/(नोक्सान) मा पुन:वर्गिकरण नगरिने वस्तुहरु** | | | |
| फेयर भ्याल्यूमा मूल्यांकन गरिएका इक्विटी उपकरणको लगानीबाट भएका नाफा/(नोक्सान) | | - | - |
| पुर्नमुल्यांकनबाट भएको नाफा/(नोक्सान) | | | |
| परिभाषित लाभ योजनाबाट बिमाकिं नाफा/(नोक्सान) | | - | - |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | | - | - |
| **नाफा/(नोक्सान) मा पुन: वर्गीकरण नगरिने अन्य खुद विस्तृत आम्दानी** | | - | - |
| **ख) नाफा/(नोक्सान) मा पुन:वर्गीकरण गरिएका वा गर्न सकिने बुँदाहरु** | | | |
| माथि उल्लेख गरिएका बुँदाको आयकर | | | |
| नाफा/(नोक्सान) को पुन वर्गीकरण | | | |
| **नाफा/(नोक्सान) मा पुन: वर्गिकरण गरिएका वा गर्न सकिने अन्य खुद समष्ठिगत आम्दानी** | | - | - |
| **आयकर पछिको अन्य समष्ठिगत आम्दानी** | | - | - |
| **यस वर्षको जम्मा समष्ठिगत आम्दानी** | | (०) | ६४,८९,७१७ |
| **यस अवधिको जम्मा समष्ठिगत आम्दानी** | | (०) | ६४,८९,७१७ |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,

खुमलाल न्यौपाने
व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. छबिलाल आचार्य
सी. आचार्य एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**
**वीरेन्द्रनगर, सुर्खेत**
**नगद प्रवाह विवरण**
**२०८० श्रावण १ गतेदेखि २०८१ आषाढ मसान्तसम्मको**

रकम रु. मा

| विवरण | आ.व. २०८०/०८१ | पुन:स्थापित आ.व. २०७९/०८० |
|---|---|---|
| **कारोबार संचालनबाट नगद प्रवाह** | | |
| प्राप्त ब्याज आम्दानी | ३,३२,५०,८८७ | २,९७,४१,९५८ |
| प्राप्त शुल्क तथा अन्य आम्दानी | १९,६२,२६३ | १८,६६,९८१ |
| ब्यापार आँम्दानी | - | - |
| लाभांश प्राप्ति | २,६०९ | २,६१,१६८ |
| अन्य संचालन कारोबारबाट प्राप्ति | - | - |
| ब्याज खर्च भुक्तानी | (१,९५,०९,०६७) | (१,७८,८१,९५२) |
| कमिशन तथा शुल्क खर्च भुक्तानी | - | - |
| कर्मचारीलाई भुक्तानी | (३५,७२,३०४) | (३२,९०,२४७) |
| अन्य खर्च भुक्तानी | (३०,३२,९६७) | (३२,६४,०८२) |
| **संचालन सम्पत्ती र दायित्वको गतिविधी अधिको संचालन नगद प्रवाह** | **९१,०१,४२१** | **७४,३३,८२६** |
| **संचालन सम्पत्तिमा कमि/(वृद्धि)** | **(९८,०६,९७४)** | **७७,५६,१३९** |
| सदस्यलाई दिइएको कर्जा तथा सापटी | (८३,७७,०५१) | ७७,०१,३१६ |
| अन्य सम्पति | (१४,२९,९२४) | ५४,८२३ |
| **संचालन दायित्वमा (कमि)/वृद्धि** | **४,८५,२८,२२८** | **३१,९२,७१०** |
| निक्षेप दायित्व | ४,७९,०९,९४४ | २५,६७,१३३ |
| अन्य दायित्व | ६,१८,२८४ | ६,२५,५७७ |
| **आयकर अधिको संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **४,७८,२२,६७५** | **१,८३,८२,६७५** |
| आयकर भुक्तानी | (३,४३,१८३) | (३,६९,८३१) |
| **संचालन गतिविधीबाट खुद नगद प्रवाह** | **४,७४,७९,४९२** | **१,८०,१२,८४४** |
| **लगानी कारोवारमा नगद प्रवाह** | | |
| स्थिर सम्पतिको खरिद | (२,०८,९५०) | (३,३४,८५०) |
| लगानीमा परिवर्तन | (१,९०,००,०००) | (१,६२,४०,७०३) |
| स्थिर सम्पतिको विक्रिबाट प्राप्ति | - | - |
| अमूर्त सम्पतिको खरिद | - | - |
| **लगानी कारोवारमा प्रयोग भएको खुद नगद** | **(१,९२,०८,९५०)** | **(१,६५,७५,५५३)** |
| **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | | |
| शेयर निष्काशनबाट प्राप्त | २७,८२,१०० | २२,४८,९०० |
| ऋण सापटीमा कमी/(बृद्धी) | (९९,१६,४१४) | (८३,५८६) |
| पुँजिगत अनुदान प्राप्त | - | - |
| कोष खर्च तथा समायोजन | (३२,६३,६०३) | (३९,०२,३६५) |
| **वित्तीय श्रोत कारोवारबाट खुद नगद प्रवाह** | **(१,०३,९७,९१७)** | **(१७,३७,०५१)** |
| **नगद तथा नगद समानमा भएको खुद (घठ)/बढ** | **१,७८,७२,६२४** | **(२,९९,७६०)** |
| नगद तथा नगद समानको श्रावण १, २०८० मा रहेको मौज्दात | ३,८३,७५,८७६ | ३,८६,७५,६३६ |
| **नगद तथा नगद समानको आषाढ ३१, २०८१ मा रहेको मौज्दात** | **५,६२,४८,५००** | **३,८३,७५,८७६** |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,

| | | | | |
|---|---|---|---|---|
| खुमलाल न्यौपाने<br>व्यवस्थापक | शेरबहादुर शाही<br>कोषाध्यक्ष | मोहनदेव गिरी<br>सचिव | महेन्द्रप्रसाद शर्मा<br>अध्यक्ष | सि. ए. छबिलाल आचार्य<br>सी. आचार्य एण्ड एशोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स |

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**
**वीरेन्द्रनगर, सुर्खेत**
**इक्विटीमा भएको परिवर्तनको विवरण**
**२०८० श्रावण १ गतेदेखि २०८१ आषाढ मसान्तसम्मको**

| विवरण | शेयर पुँजी | जगेडा कोष | संरक्षित पुँजी फिर्ता कोष | सहकारी प्रबर्द्धन कोष | शेयर लाभाँस कोष | कर्मचारी बोनस कोष | सहकारी शिक्षा कोष | घाटा पुर्ति कोष | सहकारी विकास कोष | स्थिरिकरण कोष | सामुदायिक विकास कोष | अन्य जोखिम कोष | कुल इक्विटी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| श्रावण १, २०७९ सालको मौज्दात | २,४८,१४,२०० | १,४१,८९,७४९ | १३,१७,५२३ | २६,३५० | २३,५५,७३१ | ३,९२,६२२ | १,९६,३११ | ७,२७,१६२ | ७,६४,०५४ | १,९६,३११ | १,९६,३११ | १,९६,३११ | ४,५३,७२,६३५ |
| समायोजन/पुनर्स्थिति | - | (३,१५,२३३) | - | - | - | - | - | - | - | - | - | - | (३,१५,२३३) |
| श्रावण १, २०७९ सालको समायोजित/पुनर्स्थित मौज्दात | २,४८,१४,२०० | १,३८,७४,५१६ | १३,१७,५२३ | २६,३५० | २३,५५,७३१ | ३,९२,६२२ | १,९६,३११ | ७,२७,१६२ | ७,६४,०५४ | १,९६,३११ | १,९६,३११ | १,९६,३११ | ४,५०,५७,४०२ |
| यस वर्षको नाफाको वितरण | - | १५,९९,३६२ | १२,२२,५८९ | २४,४५२ | २१,८५,९८९ | ३,६४,३३१ | १,८२,१६६ | १,८२,१६६ | १,८२,१६६ | १,८२,१६६ | १,८२,१६६ | १,८२,१६४ | ६४,८९,७१७ |
| फेयर भ्याल्युमा मापन गर्दा इक्विटी उपकरणको लगानीमा नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयर थप | २२,४८,९०० | - | | - | - | - | - | - | - | - | - | - | २२,४८,९०० |
| शेयर फिर्ता | - | - | | - | - | - | - | - | - | - | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | (२३,५५,७१८) | - | - | - | - | - | - | - | (२३,५५,७१८) |
| संरक्षित पुँजी फिर्ता कोष भुक्तानी | - | - | (९,२०,८१९) | - | - | - | - | - | - | - | - | - | (९,२०,८१९) |
| कोष रकमान्तर | - | ९,७५,१०५ | (३,९६,७०४) | - | (१३) | (५६,३२१) | (१,५४,४४५) | - | - | - | (१,७१,३११) | (१,९६,३११) | - |
| कोष खर्च | - | - | - | (२६,३५०) | - | (३,३६,३०१) | (४१,८६६) | - | - | (१,९६,३११) | (२५,०००) | - | (६,२५,८२८) |
| पुँजीगत अनुदान प्राप्त | | - | - | - | - | - | - | - | - | - | - | - | - |
| आम्दानीबाट थप भएको | | - | - | - | - | - | - | - | - | - | - | - | - |
| अन्य थपघट | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **कुल योगदान र वितरण** | २२,४८,९०० | २५,७४,४६६ | (९४,९३४) | (१,८९८) | (१,६९,७४२) | (२८,२९१) | (१४,१४५) | १,८२,१६६ | १,८२,१६६ | (१४,१४५) | (१४,१४५) | (१४,१४६) | ४८,३६,२५२ |
| **असार ३१, २०८० सम्मको मौज्दात** | २,७०,६३,१०० | १,६४,४८,९८२ | १२,२२,५८९ | २४,४५२ | २१,८५,९८९ | ३,६४,३३१ | १,८२,१६६ | ९,०९,३२८ | ९,४६,२२० | १,८२,१६६ | १,८२,१६६ | १,८२,१६४ | ४,९८,९३,६५४ |
| | | | | | | | | | | | | | |
| **श्रावण १, २०८० सम्मको मौज्दात** | २,७०,६३,१०० | १,६४,४८,९८२ | १२,२२,५८९ | २४,४५२ | २१,८५,९८९ | ३,६४,३३१ | १,८२,१६६ | ९,०९,३२८ | ९,४६,२२० | १,८२,१६६ | १,८२,१६६ | १,८२,१६४ | ४,९८,९३,६५४ |
| समायोजन/पुनर्स्थिति | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **श्रावण १, २०८० सालको समायोजित/पुनर्स्थित मौज्दात** | २,७०,६३,१०० | १,६४,४८,९८२ | १२,२२,५८९ | २४,४५२ | २१,८५,९८९ | ३,६४,३३१ | १,८२,१६६ | ९,०९,३२८ | ९,४६,२२० | १,८२,१६६ | १,८२,१६६ | १,८२,१६४ | ४,९८,९३,६५४ |
| यस वर्षको नाफाको वितरण | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| फेयर भ्याल्युमा मापन गर्दा इक्विटी उपकरणको लगानीमा नाफा/(नोक्सान) | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयर थप | २७,८२,१०० | - | - | - | - | - | - | - | - | - | - | - | २७,८२,१०० |
| शेयर फिर्ता | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| नगद लाभांश भुक्तानी | - | - | - | - | (२१,८५,९८९) | - | - | - | - | - | - | - | (२१,८५,९८९.००) |
| संरक्षित पुँजी फिर्ता कोष भुक्तानी | - | - | (४,८९,०३६) | - | - | - | - | - | - | - | - | - | (४,८९,०३६.००) |
| कोष रकमान्तर | - | ९,७५,०४८ | (७,३३,५५३) | - | - | (५९,३३१) | - | - | - | - | - | (१,८२,१६४) | - |
| कोष खर्च | - | - | - | (२४,४५२) | - | (३,०५,०००) | (५१,९६०) | - | - | (१,८२,१६६) | (२५,०००) | - | (५,८८,५७७.९४) |
| पुँजीगत अनुदान प्राप्त | | - | - | - | - | - | - | - | - | - | - | - | - |
| आम्दानीबाट थप भएको | | - | - | - | - | - | - | - | - | - | - | - | - |
| अन्य थपघट | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **कुल योगदान र वितरण** | २७,८२,१०० | ९,७५,०४८ | (१२,२२,५८९) | (२४,४५२) | (२१,८५,९८९) | (३,६४,३३१) | (५१,९६०) | - | - | (१,८२,१६६) | (२५,०००) | (१,८२,१६४) | (४,८१,५०३) |
| **असार ३१, २०८१ सम्मको मौज्दात** | २,९८,४५,२०० | १,७४,२४,०३१ | - | - | - | - | १,३०,२०६ | ९,०९,३२८ | ९,४६,२२० | - | १,५७,१६६ | ०.०० | ४,९४,१२,१४१ |
| **असार ३१, २०८० सम्मको मौज्दात** | २,७०,६३,१०० | १,६४,४८,९८२ | १२,२२,५८९ | २४,४५२ | २१,८५,९८९ | ३,६४,३३१ | १,८२,१६६ | ९,०९,३२८ | ९,४६,२२० | १,८२,१६६ | १,८२,१६६ | १,८२,१६४ | ४,९८,९३,६५४ |

संलग्न मुख्य लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरु वित्तिय विवरणहरुका अभिन्न अंग हुन ।

हाम्रो आजको संलग्न प्रतिवेदन अनुसार,

खुमलाल न्यौपाने
व्यवस्थापक

शेरबहादुर शाही
कोषाध्यक्ष

मोहनदेव गिरी
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. छबिलाल आचार्य
सी. आचार्य एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

## मुख्य लेखा नीतिहरु तथा लेखासँग सम्बन्धित टिप्पणीहरु

### १. रिपोर्टिङ संस्था

सहकारी सिद्धान्तअनुसार सदस्यहरुलाई आफूले आर्जन गरेको आयबाट नियमित रुपले बचत गर्ने बानी बसाल्न उत्प्रेरित गरी संकलन भएको बचत रकमबाट आवश्यक भएका सदस्यहरुलाई सीपमूलक आय-आर्जन कार्यक्रमलगाएत आर्थिक संकट टार्न उचित ब्याज दरमा ऋण लगानी गरी सदस्यहरुको आर्थिक-सामाजिक अवस्थामा सुधार गर्ने उद्देश्य लिई जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. को स्थापना वि.सं.२०५२ जेष्ठ २८ गते स्थापना भएको थियो । यसको कार्यालय वीरेन्द्रनगर-१, सुर्खेतमा रहेको छ । यस संस्थाको स्थायी लेखा नं. ३०३२९६६०७ रहेको छ ।

### २. वित्तीय लेखाङ्कनका आधारहरु

यस सहकारी संस्थाको वित्तीय विवरणहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लागू गरेको साना र मझौला निकायहरुको लागि नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार पारिएको हो । वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण, नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आम्दानीको विवरण, ईक्विटी परिवर्तनको विवरण, नगद प्रवाह विवरण र लेखाका लागि वित्तीय विवरण सम्बन्धी टिप्पणी समावेश गरिएका छन् ।

### २.१ अनुपालन सम्बन्धी उद्घोषण

वित्तीय विवरणहरु सञ्चालक समितिबाट अनुमोदित भई साना र मझौला निकायहरुको लागि नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard for Small and Medium-sized Entities - SMEs) का आधारमा रही नेपाल लेखामानबोर्ड (Accounting Standards Board - ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्स् संस्था (The Institute of Chartered Accountants of Nepal - ICAN) द्धारा अनुपालनको लागि सुचित गरिएका विकल्पहरु (Carve outs ) समेतको व्यवस्था अनुसार तयार गरिएका छन ।

यी नीतिहरु अन्यथा उल्लेख नभएसम्म हरेक वर्ष लगातार रुपमा लागू गरिने छन् ।

### २.२ समीक्षा अवधि र वित्तीय विवरणको अनुमोदन

सहकारी संस्थाले नेपाल लेखामान बोर्ड (Accounting Standards Board-ASB) बाट जारी प्रतिवेदन साना र मझौला निकायहरुको लागि नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard for Small and Medium-sized Entities - SMEs) आधारमा रही आ.व. २०८०/८१ को लागि प्रथम पटक ग्रहण (First Time Adoption) गरी वित्तीय विवरण तयार पारेको छ ।

NFRS को पालना गर्न देहाय बमोजिम मितिहरु समीक्षा अवधिको लागि लिइएका छन् ।

| वित्तीय विवरण | नेपाली मिति | अंग्रेजी मिति |
|---|---|---|
| तुलनात्मक समिक्षा अवधि | १ श्रावण २०७९ - ३१ आषाढ २०८० | १७ जुलाई २०२२ - १६ जुलाई २०२३ |
| NFRS for SMEs समिक्षा अवधि | १ श्रावण २०८० - ३१ आषाढ २०८१ | १७ जुलाई २०२३ - १५ जुलाई २०२४ |

सहकारी संस्थाले साना र मझौला निकायहरुको लागि नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard for Small and Medium-sized Entities - SMEs) बमोजिम प्रथम पटक ग्रहण (First Time Adoption) गर्दा गत आर्थिक वर्ष २०७९/०८० को वित्तीय विवरणहरु पुर्नवर्गीकरण, पुर्नगठन, पुर्नमुल्याङ्कन गरेको छ । सोही बमोजिमको वित्तीय प्रभावहरुलाई समेटी यस चालु आ.व. २०८०/०८१ को वित्तीय

व्यवस्थापक

कोषाध्यक्ष

सचिव

अध्यक्ष

C. Acharya & Associates, Kathmandu, Chartered Accountants

विवरणहरुलाई तयार पारिएको छ । वित्तीय विवरण उपर सञ्चालक समिति पूर्ण रुपमा जिम्मेवार रहेको छ । यस वित्तीय प्रतिवेदन साधारण सभाबाट स्वीकृत नहुन्जेलसम्म सञ्चालक समितिले परिवर्तन गर्न सक्नेछ । साधारण सभाले वित्तीय विवरण स्वीकृत नगर्ने निर्णय गर्न सक्नेछ तर यसमा परिवर्तन गर्न सक्नेछैन ।

### २.३ कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

यस वित्तीय प्रतिवेदन नेपाली रुपैयाँ (ने.रु.) मा तयार पारिएको छ । सहकारी संस्थाले नेपाली मुद्रामा मात्र कारोबार गर्न पाउने नियामकीय व्यावस्था रहेको छ । सबै अंकलाई अन्यथा उल्लेख नभएको अवस्थामा नेपाली रुपैयाँमा उल्लेख गरिएको छ ।

### २.४ अनुमान, धारणा र स्वविवेकको प्रयोग

साना र मझौला निकायहरुको लागि नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard for Small and Medium-sized Entities - SMEs) बमोजिम वित्तीय विवरण तयार गर्दा सहकारी संस्थाले निश्चित निर्णय, अनुमान र धारणाहरु बनाउन आवश्यक हुन्छ । यी अनुमानहरु उपलब्ध जानकारी र सहकारी संस्थाको व्यवस्थापनका स्वविवेकमा आधारित छन् । यसले पछि अन्य विकल्पहरु अझ बढी उपयुक्त हुन सक्थे भन्ने पनि निर्धारण हुन सक्नेछ ।

वित्तीय विवरणका विभिन्न विषयहरुसँग सम्बन्धित लेखानीतिहरु उपयुक्त विषयहरुसँग टिप्पणीका रुपमा समावेश गरिनुका साथै सो को परिवर्तनको असर तथा प्रकृति समेत खुलाइएको छ ।

वास्तविक परिमाणहरु मुल्याङ्कन गरेभन्दा फरक पर्न सक्दछन् र कहिलेकाहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्दछन् । संस्थाले गरेका अनुमानहरु तथा वित्तीय विवरण समय समयमा परिमार्जन गर्दै लैजाने योजना रहेको छ । लेखाको अनुमानमा गरिएको परिमार्जनलाई जुन अवधिमा परिमार्जन गरिएको हो सोही अवधिबाट लागू हुने गरी लेखाङ्कन गरिन्छ । विवरणमा अनुमान गरिएको व्यहोरा सम्बन्धित स्थानमा उल्लेख गरिएको छ । त्यहाँ अनुमानमा परिवर्तन हुँदा पर्ने असर र परिवर्तनलाई समेत उल्लेख गरिएको छ ।

#### २.४.१ निरन्तरता (Going Concern)

वित्तीय विवरण तयार पार्दा सहकारी संस्थाको निरन्तरतामा सञ्चालक समिति सन्तुष्ट छ र भविष्यमा पनि कारोबार/व्यापार बढ्दै जानेमा आशावादी रहेको छ । यो अनुमान वर्तमान तथा भविष्यको अवस्थाका साथै प्रक्षेपित मुनाफा नगद प्रवाह र पुँजीको स्रोत आदिमा आधारित रहेको छ ।

### २.५ लेखानीतिमा परिवर्तन

